'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

अर्हत

वर्ष ५, अंक २ | बुद्ध सम्वत् २५६१ | ने.सं. ११३७ गुँलाथ्व | वि.सं. २०७४ श्रावन २३ गुँला पुन्ही

काठमाडौंस्थित स्वयम्भू नाथको मन्दिर

पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट

अर्हत

त्रैमासिक

वर्ष ५ | अङ्क २ | पूर्णांक २५ | नेसं ११३७ गुलाँथ्व

शक सं. १९३९ | २०७४श्रावन २३| बुद्ध सं. २५६१

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक / प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
गोपीकृष्ण प्रजापति
बालमुकुन्द बासुकला

विज्ञापन संकलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन – ६६१९१०७

मुद्रण
भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.
बानेश्वर, काठमाडौं
Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।–

सम्पादकीय

हिजोआज एशियाको आकाशमा युद्धका बादल मडारिरहेको अनुभव सबैले गर्दैछन् । यदि त्यो युद्ध वास्तविकतामा परिणत भएमा एशिया महादेश अशान्त हुनेछ । महामानव गौतम बुद्धको छायाँ परेको देशका जनतामा दुःख निम्त्याउने छ । त्यसकारण त्यस दुःखबाट मुक्त हुन एशियाका शान्तिप्रेमी जनताले आवाज बुलन्द गर्नुपर्दछ –युद्ध बन्द गर !

'समाजमा दुःख छ, दुःखको कारण छ र त्यस दुःखबाट मुक्त हुने उपाय पनि छ' भन्ने बुद्धको उपदेशअनुसार एशिया महादेशमा थोपर्न खोजेको दुःख हुन नदिने उपाय पनि पक्कै होला । त्यस उपायको खोजी गरौं । शान्ति कायम गरौं ।

त्यस सम्भाव्य युद्धको कारणबारे चिन्तन गर्दा निम्न कुराहरू हाम्रो अगाडि तेर्सिएका छन्– पहिलो–अर्काले उन्नति गरेको सहन नसकेको । दोस्रो– अर्काले गरेको उन्नतिबाट आफू पछाडि धकेल्ने आशंका भएको तेस्रो–विगतदेखि आफ्नो मुठ्ठीमा राखेको विश्वको मानचित्र आफूबाट फुत्किएला भन्ने चिन्ता हो । माथिका यी कारणबाटै एशिया महादेशभित्रका देशहरूलाई एक आपसमा भिडाउने प्रयत्न युद्धपिपासुहरूले गरेका छन् । साथै अरु देशले गरेको उन्नतिलाई रोक्न अवरोध खडा गरेका हुन् ।

शान्तिप्रेमी मानव जातिहरू !

विश्वमा अशान्ति फैलाउन चाहने युद्धपिपासुहरूको षड्यन्त्रबाट बच्न सकेमा एशियाको आकाशमा मडारिरहेका युद्धका बादलहरू हटिँदैन र ? अतः एक देशले गरेको उन्नतिबाट अरु देशले पनि सिकौं । आफूले पनि उन्नति गरौं र शान्ति स्थापना गरौं ।

अस्तु !

तिब्बती बौद्ध वाङ्मय

भिक्षु विपस्सी धम्मारामो महास्थविर

तिब्बती बौद्ध वाङ्मय राजनीतिक सिमानामा सीमित नभई व्यापक भूभागमा फैलिएर रहेको छ। यसका परम्परागत अनुयायीहरू तिब्बतवासीहरू मात्र होइनन् नेपाल एवं भूटान सहित भारतको उत्तरी सीमावर्ती क्षेत्रहरूमा त्यस्तै चीन तथा मंगोलियाको विस्तृत क्षेत्रहरूमा फैलिएर रहेका छन्। वर्तमान कालमा यसको बौद्धिक महत्व मान्ने अध्येताहरू विश्वभर फैलिएर रहेका छन्। यो वाङ्मय भगवान् बुद्धका धर्मदेशनाहरूको शिक्षा दिने पाली र संस्कृत जस्तै एक महत्वपूर्ण मात्र होइन कि विशालतर पनि छ। नेपाल कै पनि विभिन्न स्थान तथा समयका हाम्रा पूर्वजहरूद्वारा अलिअलि गर्दै अनुवाद गरिएका पछि तिब्बत, चीन तथा मंगोलियामा यसको पूर्ण अनुवाद, संकलन, संरक्षण, प्रचार तथा विकास हुँदै पछि हामीकहाँ नेपालमा पनि उतैबाट फर्केर प्रचार भएको हो।

यसमा संस्कृत, प्राकृत, चिनिया र पाली भाषाका बौद्ध ग्रन्थहरूका अनुवाद छन्। अनुवाद कार्यमा निश्चित नियमहरूको पालना गरिएकोले एकरुपता र यथार्थता रहेको उल्लेखनीय छ। यसबाट फेरि पहिले कै भाषामा अनुवाद गर्नुपरेमा पनि सुविधाजनक छ भनि विद्वानहरू भन्दछन्। अनुवाद कार्य ईसवीको नवौं शताब्दीको प्रारम्भदेखि १४ औं शताब्दीसम्म अर्थात् पूरा ६ शयवर्षको अवधिमा भएको थियो। शुरुका ग्रन्थहरू कागज, कपडा आदिमा लेखिएका थिए र यो कार्य विभिन्न सदरमुकामका विहारहरूमा अलग्ग अलग्गै भएको थियो। सम्पूर्ण अनुवादित ग्रन्थहरू संग्रह गरी त्यसलाई वर्गीकृत गर्ने काम १४ औं शताब्दीमा भएको थियो। यसको लागि त्यसबेला मंगोलियाका शासकहरूबाट चाहिने प्रशस्त धनं दान गर्ने श्रद्धा राखिएको थियो। यो महान कार्य भएको विहारका नामबाट यो प्रथम विभाजन तथा संस्करणको प्रकाशनलाई पुरानो नार्थाङ् भनिन्छ। पछि सन् १४१० मा चीनका म्हिङ् राजवंशका बादशाहले श्रद्धा व्यक्त गरेकोले ती सारा अनुवादित ग्रन्थहरूको काठको ब्लक बनाई पेइचिङ्गमा सर्वप्रथम छाप्ने काम भयो। यो संस्करणको प्रकाशन जम्मा ४ पटक भएको थियो, जुन

१) हृयाङ्ले संस्करण (सन् १४१०)

२) तानली संस्करण (सन् १६०६)

३) गाङ्सी संस्करण (सन् १६८४ तथा ९२) र
४) छिटानल्हाङ् संस्करण (सन् १७१७ देखि २० र १७३७) भनि प्रसिद्ध छन्।
तिब्बतभित्र पनि यी ग्रन्थहरू पूर्णरुपले छाप्ने काम भएका छन् जुनलाई
५) लीथाङ् संस्करण (सन् १६०८ देखि २१)
६) देर्गे संस्करण (सन् १७३३)
७) नाथाङ् संस्करण (सन् १७३० देखि ३२)
८) कोन संस्करण (सन् १७२१ देखि ३१) भनिन्छ। यीमध्ये देर्गे र कोन संस्करणका काष्ठमय ब्लकहरू अझै पूर्णरुपले सुरक्षित छन् र त्यसबाट छाप्ने काम निरन्तर भईआएका छन्। यी बाहेक आंशिक रुपले छाप्ने र सार्ने काम भएका त लेखाजोखा नै छैन। किन कि यी धर्मग्रन्थहरू छाप्नुलाई पुण्यकार्य मानिन्छ। यी पुस्तकहरू बडो होशियारीसाथ सुन्दर कपडाले बेरीराख्छन् र कुच्चिनबाट बचाउन भित्र कडा गाता राखिएका हुन्छन्। यस्तो गाता भएका पुस्तकको पोकोलाई तिब्बती भाषामा बम्फो भनिन्छ। यी अनुवादित धर्मग्रन्थहरूको एकसेटमा जम्माजम्मी ५,९६० वटा बम्फोहरू हुन्छन्।
यो वाङमयलाई मुख्य २ भागमा विभाजन गरिएको छ :
क) क्यान्जोर : अनुवादित बुद्धवचन।
ख) थ्यान्जोर : अनुवादित अर्थकथा र टीका ग्रन्थहरू।
क. क्यानजोरको विभाजन यस प्रकार छ :
१) तन्त्र वर्ग (भाग १, ११ पुस्तक)
२) प्रज्ञापारमिता वर्ग (भाग १२, २१ पुस्तक)
३) रत्नकूट वर्ग (भाग २२, २४ पुस्तक)
४) अवतंसक वर्ग (भाग २५, २६ पुस्तक)
५) नानासूत्रवर्ग (भाग २७, ४० पुस्तक)
६) विनयवर्ग (भाग ४१, ४५ पुस्तक)

यो पेइचिङ्ग संस्करण अनुसारको विभाजनका कुनै पुस्तकमा अनेक ग्रन्थहरू रहेकाछन् भने कुनै कुनै एउटा ग्रन्थ नै अनेक पुस्तकमा विभाजित छन्। यी ४५ वटा पुस्तकमा जम्मा १,०५५ वटा ग्रन्थहरू समाविष्ट छन्। बीसौं शताब्दीको मध्यावधिमा जापानको ओटानी विश्वविद्यालयले छापेको सो पेइचिङ्ग संस्करणका सूचि अनुसार ग्रन्थहरूका नाम र संक्षिप्त परिचय तल दिइन्छ।

१) तन्त्र वर्ग (भाग १, ११ पुस्तक) : यसमा विभिन्न तन्त्र, धारणी ग्रन्थहरू छन्। ती हुन् (१) क्रिया तन्त्र, (२) चर्या तन्त्र, (३) योगतन्त्र, (४) महायोग तन्त्र, (५) योगिनी तन्त्र,। धारणीहरू (१) धारणी संग्रह, (२) मञ्जुश्री ज्ञानसत्वस्य परमार्थ नामसंगीति, (३) कालचक्रतन्त्र, (४) हेबज्रतन्त्र रहेकाछन्।

२) प्रज्ञापारमिता वर्ग (भाग १२, २१ पुस्तक) : यसमा ६ पारमिता र दश पारमिताहरूको सेटमा सर्वाधिक महत्वपूर्ण मानिने भएकोले बुद्धहरूका माता पनि भनिने प्रज्ञापारमिता नामका अनेक लामा लामा ग्रन्थहरू छन्। ती हुन् (१) शतसाहश्रिका प्रज्ञापारमिता, (२) पञ्चविंशतिसाहश्रिका प्रज्ञापारमिता, (३) अष्टादशसाहश्रिका प्रज्ञापारमिता, (४) दशसाहश्रिका प्रज्ञापारमिता, (५) अष्टसाहश्रिका

प्रज्ञापारमिता, (६) प्रज्ञापारमितासञ्चय गाथा, (७) सुविक्रान्तविक्रमीपरिपृच्छा प्रज्ञापारमिता निर्देश, (८) सप्तसतिक नाम प्रज्ञापारमिता सूत्र, (९) पञ्चशतिका प्रज्ञापारमिता, (१०) बज्रच्छेदिका नाम प्रज्ञापारमिता छन्। यो प्रज्ञापारमिता वर्गमा समाविष्ट नगरिकन तन्त्रवर्गमा समाविष्ट गरिएको ग्रन्थ हो, प्रज्ञापारमिता हृदय सूत्र। किन कि यसमा तन्त्रहरू पनि छन्।

यो प्रज्ञापारमिता वर्गको अन्त्यमा श्रीलंकाली भिक्षुबाट भएका थेरवादी पाली सूत्रहरूको अनुवाद पनि छन्। ती हुन् :

१) धर्मचक्रप्रवर्तनसूत्र, २) जातकनिदान, ३) आटानाटीयसूत्र, ४) महासमयसूत्र, ५) मैत्रीसूत्र, ६) मैत्रीभावनासूत्र, ७) पञ्चशिक्षानुशंससूत्र, ८) गिरि आनन्द सूत्र, ९) नन्दोपनन्दनागराजदमन सूत्र, १०)महाकाश्यपसूत्र, ११) सूर्यसूत्र, १२) चन्द्रसूत्र, १३)महामंगलसूत्र गरि जम्मा १३ वटा सूत्रहरू छन्। यसका अनुवादक आनन्दश्री भिक्षुका आरियमेत्तय्य सूत्रलाई यो संस्करणमा भिन्नै वर्गमा राखिएको छ।

३) रत्नकूट वर्ग : यसमा ४९ वटा महायानसूत्रहरू छन्। उदाहरणकोलागि केहि : १) अमिताभकूट सूत्र, २) अक्षोभ्यकूट सूत्र, ३) आयुष्मान् नन्द गर्भावक्रान्ति निर्देश -यसमा मनुष्य गर्भाधानको क्रम वर्णित छ) ४) पितापुत्रसमागम, ५) राष्ट्रपाल परिपृच्छा। रत्नकूट वर्गमा यस्ता परिपृच्छा शब्द जोडिएका दर्जनौं सूत्रहरू छन्। यथा : पूर्ण, गृहपति, उग्र आदि।

४) बुद्धावतंसक वर्ग : यसलाई संक्षिप्तमा अवतंसक मात्र पनि अथवा विस्तृतरुपमा बुद्धावतंसक नाम महावैपूल्य सूत्र पनि भनिन्छ। यसमा (१) अवतंसक सूत्र, २) दशभूमि सूत्र, (३) गण्डव्यूहसूत्र,)४) समन्तभद्रचरिय प्रणिधानराजसूत्र छन्।

५) नानासूत्र वर्ग : यसमा (१) भद्रकल्पिक सूत्र, (२) ललितविस्तर सूत्र (बुद्धजीवनी), (३) सन्धिनिर्मोचन सूत्र, (४) लंकावतार सूत्र, (५) सद्धर्मपुण्डरीक सूत्र, (६) सुखावतीव्यूह सूत्र, (७) महायान महापरिनिर्वाण सूत्र, (८) महापरिनिर्वाण सूत्र, (९) महापरिनिर्वाण सूत्र (छोटो), (१०) समाधिराज सूत्र, (११) विमलकीर्तिनिर्देश सूत्र, (१२) शालिस्तम्भ निर्देश सूत्र, (१३) प्रतित्यसमुत्पादादि विभंगनिर्देश सूत्र, (१४) प्रतित्यसमुत्पाद सूत्र रहेकाछन्। यो वर्गमा अनेक श्रावकयानी सूत्रहरू पनि समाविष्ट छन्। जस्तै (१) सद्धर्मानुस्मृति उपस्थान, (२) महासूत्र - यसमा मायाजाल सूत्र, बिम्बिसार प्रत्युगमन शून्यता, महाशून्यता, ध्वजाग्र, पञ्चत्रय महासूत्रहरू छन्। (३) दारकउपम सूत्र, (४) बहुधातुक सूत्र, (५) कल्याणमित्र सूत्र, (६) अभिनिष्क्रमण सूत्र, (७) भद्रकरात्री सूत्र, (८) चतु:सत्य सूत्र, (९) चन्द्र सूत्र, (१०) कर्मविभंग सूत्र, (११) ब्रह्मजाल सूत्र, (यति संस्कृतबाट अनुवादित सर्वास्तिवादी सूत्रहरू हुन्। (१२) विमुक्तिमार्ग धातुगुण निर्देश, (१३) उदानवर्ग (पालिको धम्मपद जस्तो ग्रन्थ) छन्। यो नानासूत्रवर्गको अन्त्यमा अनेक अवदान साहित्य समाविष्ट छन्। ती हुन् : (१) कर्म शतक, (२) Sutra of the Wise and the Foolish (संस्कृत नाम अनुपलब्ध), र अवदान शतक छन्। कुनै कुनै ग्रन्थ विधिकर्मसँग सम्बन्धित छन्। जस्तै (१) तथागत प्रतिबिम्ब प्रतिष्ठानुशंसा संवदन्ति धर्मपर्याय, (२) चैत्य प्रदक्षिण गाथा, (३) प्रसेनजित गाथा (चैत्यपूजानिशंस) आदि। त्यहिं बुद्धव्याकरण ग्रन्थहरू पनि (१) आर्यमैत्रेय व्याकरण, (२) गोश्रृंग व्याकरण सूत्र आदि छन्।

६) विनय वर्ग : यसमा सर्वास्तिवादी विनयका आठवटा ग्रन्थहरू रहेकाछन्। ती हुन् (१) विनयवस्तु (यसमा १७ वटा शीर्षकहरू छन्।) (२) प्रातिमोक्ष सूत्र, (३) विनयविभंग, (४) भिक्षुणीप्रातिमोक्ष, (५)

भिक्षुणीविनयविभंग, (६) विनयक्षुद्रक वस्तु, (७) विनय उत्तरग्रन्थ, (८) विनयउत्तरग्रन्थ (अर्को)

ख. थ्यान्जोर : त्रिपिटकेत्तर शास्त्रहरूको अनुवाद जम्मा २२५ भागमा प्रकाशित छन् भने यसमा रहेका ३९६२ वटा विषयहरू (ग्रन्थहरू) ३ वटा वर्गमा विभाजित छन् :

(१) स्तोत्रवर्ग : यसमा विभिन्न पण्डितहरूद्वारा रचित स्तोत्रहरूका अनुवाद छन्। तिब्बती बौद्ध वाङमयको मूल उद्‌गम स्थल भारतवर्षको धेरै देवीदेवता मान्ने तत्कालीन धार्मिक समाजमा हुने प्रतियोगितामा कोही किन बुद्धको भक्ति गर्दछन् भनी बताउने तर्कहरू पनि यस स्तोत्रवर्गमा पाइन्छन्। जस्तै कि -

प्रत्यक्षतो न भगवान् सुगतो न विष्णुर, आलोक्यते न च हरो न हिरण्यगर्भः ।
तेषाम् तु रुपचरिताशयप्रभावन्, श्रुत्वा विचारयति को गुणवान् न वेति ॥१॥

अर्थ : हामीले भगवान् सुगत (बुद्ध), विष्णु, हर (शिव), अथवा हिरण्यगर्भ (ब्रह्मा)लाई कहिल्यै देखेका छैनौं। तर उहाँहरूका असल स्वरुप, चरित, रुचि र विचारलाई सुनेर हाम्रो मनमा विचार उत्पन्न हुन्छ, उहाँहरूमा को गुणवान् हुनुहुन्छ र को हुनुहुन्न ?

विष्णुः समुद्यतगदायुधरौद्रपाणिः
शम्भुर् विलग्ननृशिरो अग्रकपालमाली ।
एकान्तशान्तचरितातिशयस तु बुद्धः,
कं पूजयाम तं शान्तम् अशान्तरुपम् ॥२॥

अर्थ : विष्णुका हातमा डरलाग्दो गदा लिएको छ। शम्भु (शिव) का गलामा मानवशिरका मुण्डमाला लगाइएको छ। तर भगवान् बुद्धको चरित सम्पूर्णरुपले शान्त छ। यस्तो भएपछि हामी कसलाई पूजा गरौं त ? शान्तलाई कि अशान्तलाई ?॥२॥

शक्रं वज्रधरं बलं हलधरं कृष्णं सचक्रायुधं,
स्कन्दं शक्तिधरं श्मशाननिलयं रुद्रंत्रिशूलायुधम् ।
एतान् दुःखभयार्तिमान् गतघृणान् बालान् विचित्रायुधान्,
नित्यं प्राणिवद्योद्यतप्रहरणान्,
कस् तान् नमस्यद् बुद्धः ॥७॥

अर्थ : इन्द्र बज्रावुध (बज्रहतियार) धारण गर्छन्। बलराम हलो धारण गर्छन्। कृष्ण चक्र धारण गर्छन्। स्कन्द भाला धारण गर्छन्। रुद्र (शिव) मशानमा बस्छन् र त्रिशूल लिएर हिंड्छन्। को बुद्धिमान यस्ता निर्दयी, मूर्ख, अर्काको प्राण हरण गर्नको लागि सधैं अनेक प्रकारका शस्त्रहरू लिएर हिंड्ने र आ-आफै दुख र भयले कष्ट भोगिरहेकाहरूलाई अभिवादन गर्ला र ? ॥७॥

न यः शूलं धत्ते न च युवतिम् अंके सुवदनां,
न चक्रं शक्तिं वा न च
कुलिशम् उग्रं न च हलम् ।
विनिर्मुक्तं क्लेशैः परहितविधानोद्यतधियं,
शरण्यं लोकानां यम ऋषिम्
उपयातो अस्मिं शरणम् ॥८॥

अर्थ : मेरा शरण उहाँ मुनि हुनुहुन्छ जो सत्वलोकका शरण हुनुहुन्छ। उहाँ न त्रिशूल धारण गर्नुहुन्छ, न काखमा तरुणी बसाल्नुहुन्छ, न चक्र धारण गर्नुहुन्छ, न भाला धारण गर्नुहुन्छ, न डर लाग्दो वज्रायुध धारण गर्नुहुन्छ, न हलो धारण गर्नुहुन्छ। उहाँ त सम्पूर्ण क्लेशहरूबाट मुक्त हुनुभएका र नित्य परोपकार गर्ने विचारमा तल्लीन रहनुहुने हुनुहुन्छ। ॥८॥ आदि। यसको टीकाग्रन्थ पनि छ।

२) तन्त्रटीका वर्ग : ८७ वटा ग्रन्थमा ३,११९ वटा शीर्षकमा तन्त्रका अर्थकथा, टीका, भाष्यहरू छन्। बीचबीचमा बोधिसत्वहरूका साधना र स्तोत्रहरू पनि छन्।

३) सूत्रटीकावर्ग : १३६ वटा ग्रन्थमा १४ वर्गहरू छन्। सूत्रका अलावा अन्य विषयहरूका शास्त्रहरू पनि छन्। ती यसप्रकार छन् :

(१) प्रज्ञापारमितानयको व्याख्या वर्ग : १६ वटा ग्रन्थहरू छन्। जस्तै अभिसमयालंकार, र

अभिसमयालंकार आलोक ग्रन्थ आदि ।

(२) माध्यमिक दर्शनको व्याख्यावर्ग : १७ वटा ग्रन्थहरू छन् । जस्तै मूलमाध्यमिक कारिका, प्रसन्नपदा, माध्यमिकावतार भाष्य, बोधिसत्व चर्यावतार आदि ।

(३) सूत्रहरूको व्याख्यावर्ग : १० वटा ग्रन्थहरू छन् । यसमा महायानका दशभूमिकसूत्र, अक्षयभक्तिनिर्देश, समाधिराजसूत्र, सद्धर्मपुण्डरीकसूत्र, लंकावतारसूत्र आदिका व्याख्याग्रन्थहरू छन् । त्यस्तै प्रतित्यसमुत्पादादि विभंग निर्देश, प्रतित्यसमुत्पादादि विभंग निर्देश टीका जस्ता ग्रन्थहरू समाविष्ट छन् ।

(४) चित्तमात्रवर्ग : यो वर्गमा जम्मा १८ वटा ग्रन्थहरू छन् । यसमा महायानसूत्रालंकारकारिका, मध्यन्तविभाग, धर्मअधर्मता विभाग, महायानोत्तर तन्त्र शास्त्र, अभिसमयालंकार गरी ५ वटा ग्रन्थहरू समाविष्ट छन् । आचार्य परम्पराका अरु अनेक टीका, कारिका आदि ग्रन्थहरू पनि छन् ।

(५) अभिधर्मवर्ग : यसमा लोकप्रज्ञप्ति, कारण प्रज्ञप्ति, कर्म प्रज्ञप्ति ग्रन्थहरू रहेकाछन् । यी ग्रन्थहरूलाई प्रज्ञप्तिमात्र पनि भन्दछन् । सर्वास्तिवादका बाकी ६ वटा अभिधर्मका ग्रन्थहरूको तिब्वती अनुवाद भएका छैनन् । त्यसपछि अभिधर्मकोश (कारिका) अभिधर्मकोषभाष्य ग्रन्थहरू आउँछन् । जस्तै : अभिधर्मकोष शास्त्र कारिका भाष्य (विनीतदेव रचित), अभिधर्मकोश टीका (राजपुत्र यशोमित्र रचित), अभिधर्मकोश लक्षणानुसारिणी टीका (पूर्णवर्मनरचित), अभिधर्मकोश उपायिका टीका (शमथदेवरचित), अभिधर्मकोश वृत्तिमार्गप्रदीप (दिङ्नागरचित) अभिधर्मकोश भाष्य टीका तत्वार्थ नाम (स्थिरमतिरचित), अभिधर्म अवतार प्रकरण छन् । यी बाहेक यो वर्गमा थेरवादको धर्मपदजस्तो उदानवर्ग रहेको छ । यसका अर्थकथा उदानवर्ग विवरण पनि छ । आचार्य वसुबन्धुका कृति गाथा संग्रह, र गाथा अर्थ संग्रह छन् ।

६) विनयवर्ग : यसमा विनय सम्बन्धी व्याख्याहरू छन् । विनयवस्तु, विनयविभंग, विनयक्षुद्रक, व्याख्या, विनय उत्तर ग्रन्थ, ग्रन्थहरू छन् । विनयसूत्र, एकोत्तर कर्म शतक पनि यसका उल्लेखनीय ग्रन्थहरू हुन् । यसका वृत्तिहरू (अर्थकथा) : विनयसूत्रवृत्ति, विनयसूत्रटीका, विनयसूत्र व्याख्यान, र अर्को विनयसूत्रवृत्ति ग्रन्थहरू छन् । विनयकारिका जस्ता अरु पनि धेरैवटा ग्रन्थहरू छन् । अझ ठाउँ ठाउँ मा प्रारम्भिक बुद्धशासनको इतिहास पनि पाइन्छ । थेरवादका विमुक्तिमार्ग धौतगुण निर्देश (१३ धुतांगको व्याख्या) को पनि अनुवाद पाइन्छ ।

७) जातकवर्ग : हुन त केन्जोर र थ्यान्जोरका अनेक स्थानहरूमा जातकसदृश कथाहरू पाइन्छन् । तर यो वर्गमा छुट्टै ग्रन्थको रुपमा पाइने जातकमाला ग्रन्थहरू यी हुन : जातकमाला (आर्यशूररचित), जातकमालाटीका (धर्मकीर्तिरचित), हरिभद्रजातकमाला (हरिभद्ररचित), गोपदत्त जातकमाला छन् । जातककथाका नाटककृतिहरू : लोकानन्द नाटक, नागानन्द नाटकहरू यसवर्गमा छन् । जातक कथाकै अनुरुपको बोधिसत्वावदान कल्पलता (क्षेमेन्द्ररचित) पनि छ । यसैलाई अवदान कल्पलता मात्र पनि भन्दछन् । आचार्य अश्वघोषकृत बुद्धचरित पनि छ । अर्को ग्रन्थ बोधिसत्व जातकस्य धर्मगण्डी पनि यसमा छ ।

८) सन्देश, कथा र अन्य कृतिवर्ग : यसमा मुख्यगरी राजपरिकथा, रत्नावली, रत्नावलीटीका ग्रन्थहरू छन् । यी बाहेक अनेक आचार्यहरूका सन्देश, उपदेश र चिठ्ठीपत्रहरू पनि छन् । जस्तै सहृल्लेखा, महाराज कनिष्क लेखा आदि ऐतिहासिक र गम्भीर विषयका पत्रहरू छन् ।

९) प्रमाण अथवा तर्कविद्या वर्ग : यसमा तर्कविद्या (प्रमाण) का अनेक शास्त्रहरू छन् । जस्तै प्रमाणसमुच्चय (दिङ्नाग रचित), प्रमाणविनिश्चय,

न्यायविन्दुप्रमाण, र हेतुविन्दु (धर्मकीर्ति रचित) । यी शास्त्रहरूका अनेक भाष्यटीकाहरू छन् । जम्माजम्मी २१ वटा भागमा प्रकाशित छन् ।

१०) शब्दशास्त्र अथवा व्याकरणवर्ग : यसमा शास्त्रीय भाषा बुझ्नकोलागि आवश्यक कुशलता हासिल गर्न अध्ययन गर्नुपर्ने शास्त्रहरू छन् । विशेष गरेर संस्कृतका चन्द्रव्याकरणसूत्र (चन्द्रगोमिनकृत) र पाणिनी व्याकरणसूत्र छन् । यी बाहेक ब्याकरणका स्याना स्याना कृतिहरू अनेक छन् । शब्दकोशको हकमा अमरकोश (अमरसिंहकृत), र यसको टीका जुनलाई कामधेनु (सुभूतिचन्द्रकृत) भनिन्छ, रहेको छ । छन्दशास्त्रका काव्यादर्श (दण्डिनकृत), मेघदूत (कालिदासकृत) को पनि तिब्बती अनुवाद छन् ।

११) चिकित्साविद्यावर्ग : यसमा ५ वटा पुस्तकहरू छन् । विशेष गरेर अष्टांग ह्मदयसंहिता (महावैद्यवागभट्रचित) र यसका भाष्यग्रन्थ र विवृत्ति पनि पाइन्छ ।

१२) शिल्पशास्त्रवर्ग : चिकित्साविद्यावर्ग कै अन्तिम भागको पुस्तकमा प्रकाशित यो वर्गमा बुद्धरूप, देवरूप आदि लेख्ने तरिकाबारे वर्णन गरिएका छन् । जस्तै दशतल परिमण्डल बुद्धप्रतिमा लक्षण पुस्तक, सम्बुद्धभाषित प्रतिमा लक्षणविवरण, चित्रलक्षण, र प्रतिमान लक्षण पुस्तकहरू छन् । यी मध्ये कुनैको पनि रचनाकार थाहालाग्दैन ।

१३) नीतिशास्त्रवर्ग : यो पनि चिकित्साविद्यावर्गको अन्तिम पुस्तकको गाताभित्र नै प्रकाशित छ । जुनमा प्रज्ञाशतक, नीतिशास्त्र, प्रज्ञा, दण्ड, र नीतिशास्त्र जन्तु, पोषण, विन्दु गरी ३ वटा पुस्तकहरू छन् । चाणक्यनीतिशास्त्र, नीतिशास्त्र (मसूराक्षकृत) जस्ता अरु पनि कृतिहरू छन् ।

१४) आश्चर्यशास्त्रवर्ग : यो वर्गको नाम तिब्बती भाषाबाट अनुवाद गरिएको हो । किन कि संस्कृतनाम हराइसकेको छ । यसमा परिशिष्ट ग्रन्थहरू छन् । मुख्यत: महाब्युत्पत्ति भनिने संस्कृत तिब्बती शब्दकोश) छ जुन कि ग्रन्थअनुवाद कार्यमा पूर्णरुपले उपयोग गरिएको थियो । अर्को कृति आर्यसंधि निर्मोचनसूत्रस्य व्याख्यान् छ । यसपछि अन्य भाषाबाट अनुवाद गरिएका नभई तिब्बतमै तिब्बती भाषामा प्रारम्भिक कालमा रचना गरिएको कृति एउटा छ, जुन सुविधाको लागि त्यसका संस्कृत नाम दिइएको छ : दृष्टिविशेष । त्यसपछि संस्कृतबाट अनुवाद गरिएको संस्कृता:संस्कृत विनिश्चय ग्रन्थ पर्दछ । अनि सुगतमत विभंग कारिका र त्यसको भाष्य सुगतमत विभंग भाष्य छन् । यो अभिधर्मवर्गको हो । तर पछिल्लो युगमा अनुवाद भएकोले पछाडि राखिएको ग्रन्थ हो : अभिधर्मकोशभाष्यटीका तत्वार्थ (स्थिरमतिकृत), छ । यसै वर्गमा औषधीशास्त्रसिद्धसार (रविगुप्तकृत), व्याकरणशास्त्र पाणिनीधातुसूत्र, पाणिनीव्याकरणसूत्र (पाणिनीकृत), पाणिनीव्याकरणसूत्रवृत्ति प्रक्रियाकौमुदी (रामचन्द्रकृत) रहेको छ । यो अन्तिम पुस्तकपछिका केहि पानाहरूमा स्वस्तिगाथाहरू छन् । जस्तै त्रिरत्नस्वस्तिगाथा, मंगलगाथा, पाठहरू छन् । उदाहरणार्थ,

थ्यान्जोर समाप्त ॥

मंगलं लेखकानं च, पाठकानं च मंगलं ।
मंगलं सर्वभूतानं, भूमिभूपति मंगलं ॥

अर्थ : यी शास्त्र लेख्नेहरूलाई मंगल होस् । यिनका पाठकहरूलाई मंगल होस् । देशलाई र राजालाई मंगल होस् । सम्पूर्ण प्राणीहरूलाई मंगल होस् ।

(डा. पीटर स्किलिंङ् र श्री शान्तिभक्तिगां द्वारा लिखित, Fragile Palm Leaves Foundation, बैंककद्वारा सन् २००१ मा प्रकाशित थाइकृति त्रैपिटकतिबेत को सार)

(प्रस्तोता भिक्षु विपस्सी धम्मारामो महास्थविर इनाचो टोल, वडा नं. ७, भनपा. भक्तपुर जिल्लामा अवस्थित मुनि विहार (धर्म्म उत्तम महाविहार) का प्रमुख धर्मगुरु हुनुहुन्छ ।)

वंश वृक्ष

✍ कवि केशरी चित्तधर हृदय

कवि केशरी चित्तधर हृदय

उच्च हिमगिरिराजतनया स्वच्छ सरितासेवित
स्वर्ण सुरपुरयागु त्वाथः तुल्य उत्तर भारत।
झिंछगू गणतन्त्र राज्य दु ख्यात, उन्नत, सभ्यगु,
विश्वविश्रुत राष्ट्र मध्ये शाक्यपिनि नं खः छगू।
धातुया निधि, विविध मणिया गृह हिमालयया मुले
जगतजीवन दोछि ल्हाः दुम्ह अति प्रतापी रविकुले
प्रथम थुगु हे वंश-वृक्षे विपुल क्षत्रिय-स्वां ह्वयाः।
वंगु भूपति यक्व हे थन कीर्तिया सौरभ ह्वलाः
उम्ह मनुस्मृतिकार मनु नं जन्म जूगुध्व हे कुल,
न्याय तत्पर जूम्ह गुम्हस्यां नीतिया हिति हाय्कल।
उम्ह प्रतापीया पुता इक्ष्वाकु जुजु थुगु वंशया
प्रथम राजा जूगु स्वः 'इक्ष्वाकु वंश' ध्वनां तयाः।
रिपु सतांचां ल्यूगुलिं थः शरण वःम्ह कपोतया
पूगु पल्यसा गुम्ह नरेशं ला ध्यनाः थः देहया।
उम्ह दयार्णव दीनरक्षक भूमिपालक नं बुयाः
धन्य जूगु ध्व वंश धात्थें शिविजुया मुकुटं पुयाः।
सगर गुम्हस्या सुतपिसं थुगु वसुमती गाःगाः म्हुयाः
वृद्धि अर्णवयात यानाः वंगु सागर नां तयाः,
वीरवर उम्ह सगरया नं जन्म थुगु हे वंशस,
उच्चया आधार नं ज्वी उच्च हे तुं लोकस।
अंशुमानं हय्त स्वःगू जान्हवी थन भारते,
माक्व पृथिवी म्ह्वी मलाकं स्वर्गवासी जूवले।
अंशुमानात्मजपिसं नं वीर बौया काय् जुयाः
जन्मकाछिं कार्य यानाः वंशु 'गंगा' नां कयाः।
बौ पितामहपिनुगु ल्यंदुगु ब्याक्क ज्या सत्पुत्रया,
जुजु भगीरथ जक मज्वी छाय्थीगु मत थः वंशया।
माक्व मुंकाः सैन्य, सल, किसि यत्न पूर्वक क्षितिम्हुयाः
हृःगु रथया चक्रया भागीरथी ल्यूल्यू तयाः।
सत्यवादी नृप हरिश्चन्द्रं स्वयं थः हे मियाः
पुत्र, पत्नी, राज्य तोताः च्यो जुयाः चांडालया
थीगु थः यशरत्न द्वारा स्वच्छ सुन्दर निर्मल
याःगु थुगु हे उच्च रविकुल ज्वीक युगयुग उज्वल
नीति निपुणम्ह इन्द्र त्याकुम्ह नहुष राजा नां दनाः
वंगु अन्वय नं ध्व हे खः शुद्ध धार्मिकता क्यनाः।
धान्य, धन, जन पूर्ण जूगु ध्व देशया नां भारत
जूगु नरपति भरत गुम्हस्या उच्च नामं प्रथमतः
वगु नं खःसूर्यवंशे जात। जूगु, ययातिया
जन्म द्वारा गौरबान्वित राज्य हे दाने बियाः।
गुम्ह नरेशं पूजनीय वशिष्ठ गुरुया सा जयाः
जूबले बन बन हिलाः ल्यू ल्यू प्रिया रानी तयाः
अति भयंकर सिंह छम्हस्यां वैम्ह सा स्याय् त्यंगुलिं
सा बिना उम्ह केशरीं अन मेगु छुं खँ मन्यंगुलिं
धेनु रक्षा यायगु निंतिं प्राण हे बी त्यंगु खः,
उम्ह दया दुम्ह जुजु दिलीपं जन्म काःगु ध्व वंश खः।

जन्म गुम्हस्या ज्वीव तोत्यत स्व:बले कारागृहे
प्रिय प्रजापिं दुष्ट बन्दी मदुगु खः छम्ह मात्र हे,
विश्व त्याकाः चक्रवर्ती जूम्ह रविकुल भूषण
ब्याक्क सर्बे दान यानाः द्रव्य भा:पाः दूषण
दाननिंतिं अर्थ मदयाः भव्य उत्तर देशया
माक्व धन सम्पत्ति त्याक्यत ल्वा:म्ह नाप कुबेरया
वीर रघुजुं कीर्ति तोताः थकुगु नं थुगु हे कुल,
जगतव्यापी सिद्ध नामं वंश हे 'रघुकुल' जुल।
योम्ह इन्दुमती महारानी दु गुम्हस्या सुन्दरी
तन निगू सां मन छगू अमि प्रेमसूत्रं च्युगुलिं,
रामकारण जगस ब्वयूकाः तनय दशरथया ध्वजा
वंगु अज जुजु राज्य यानाः पुत्र भा:पाः थः प्रजा।
अज-पुता राघव-पिता गुम्हस्या गृहे शान्ता सुता
च्या:गु खः जिगि जिगि थिनाः दाम्पत्य मनया छ्पु इता
राम, भरत व लक्ष्मण व शत्रुधन प्यम्हस्या बौ जुयाः
गृहस कौशल्या, सुमित्रा योम्ह कैकेयी दयाः
च्वंम्ह गुम्ह भूपाल दशरथ चुलि ध्व हे रविवंशया,
पुत्र वत्सलता क्यनाः वन पुत्रशोकं हे कयाः
राम गुम्हस्या नाम कायवं भक्ति हृदये ल्वीगु खः,
अवधपुरया दीप गुम्हस्यां बाललीलां या:गु खः,
शिवधनुष नं भङ्ग यानाः प्राप्त सीता या:म्ह खः,
गर्व भृगुया भंत्र यानाः भवन ल्याहाँ व:म्ह खः।
जनक आज्ञा याय्त पालन राज्य तोता:तत्क्षण
जानकीया सहित लक्ष्मण वंम्ह गुम्ह दण्डकवन।
रावणं साध्वीम्ह सीता हरण यानाः यंगुलिं
शान्तिपूर्वक सन्धियाना वैत बी मखु धा:गुलिं
भेद यानाः गृह, विभीषणयात थुख्य प्वीकाः कयाः,
रिपु दशाननयात त्याकुम्ह वैत लङ्काद्विप बियाः।
व्योमयाने सहित पत्नी नभ पथं ल्याहाँ वयाः
थ:गु देशे थ:गु हे अपवाद तायूवं रजकया
छ्व:म्ह पितिनाः बनस लक्ष्मण नाम वैदेही प्रिया,
खः लिपा हययज्ञ या:म्ह सुवर्णया प्रतिमा थियाः

न्ह्या:म्ह गुम्हस्या हृदय-सरिताय् प्रणय-सीताया-जल
थः प्रजापिनि दुःख-वनया गुम्ह जुयाः दावानल
थ:गु शासनयात गुम्हस्यां 'रामराज्य ध्व' धायूकल,
उम्ह सदा स्मरणीय रामजु खः ध्व कुलया कुन्तल।
सूर्य थीयें थीगु पृथ्वी सूर्यवंश भारत,
गौ जुयाः वन वीर नृपपि प्रिय प्रजारञ्जनरत।
सूर्यया थुगु हे कुले तुं छम्ह सुजाता जुजु जुल,
सत्य वाचा वंगुलिं वं न्याम्ह काय् पितिनाः हल।
उम्ह नृपतिया धीर ओपुर आदि न्याम्हं पुत्रपिं
कपिल मुनिया आश्रमे च्वन मेगु थाय् मदयाः गनं।
अन च्वं च्वं अमि देश दयूक्यगु प्रबल उत्कण्ठा जुयाः
कपिलमुनिया नाम क्वकयाः 'कपिलवस्तु' ध्व नां तंयाः
देश दयूका च्वन अपिं अन, जेष्ठ ओपुर जुजु जुल,
वैगु मृत्यु लिपा वया काय् सिंहहनु शासक जुल।
उम्ह महाबलबन्त जुजुया ज्येष्टसुत शुद्धोदन
कपिलपुरया शाक्य गणया राष्ट्रपति गुम्ह नांदन।
अन्तपुरया दिव्य शोभा निम्ह दु माया, गौतमी
पूज्य स्वामीयागु आज्ञाकारिणी अति संयमी,
राज भवनाकाश मध्ये युगल शशि थें चा:हुलाः
शुद्धशील स्वभाव- रश्मिं व्याप्त यानाः ज्वी न्हिलाः।
वीरताय् दिग्पाल जोपिं भ्रातृभक्ते लक्ष्मण
स्वम्ह दु धौतोदन व शुक्रोदन किजा अमृतोदन।
अमिगु सल्हां ज्वीगु शासन मा:गु तक थुगु राष्ट्रया
मुनिगु मा:पिं सचिव, मन्त्री शाक्यया प्रतिनिधि वयाः।
राज्यशासनया प्रणाली माक्व हे बाला:गुलिं
शान्तिया हिति न्हयाबलें अन हाः प्रजाय् सुख जूगुलि।
विविध करया भार छुं मदु अर्थ आपाः छाय् तयि!
नयूत ब्वीं सः अन्न फल नं, तीत तामे दै खरि।
दुंगु खन्यमदु सदन छक्वां ग्रामया वा देशया
स्यंगु जीर्णोद्धार यायिगु सकभनं छ्यूँभरी वयाः।
वैगु शिल्पीपिनि कला कौशल मिखाय् प्याखं हुयाः
ल्बहँ सिँ अप्पायागु बुत्तां जा:गु देगः गृह स्वयाः।
दक्क्व चुक चुक सुचुगुलिं मदु रोग छुं संक्रामक,

ईगु अयूसां यक्व वास: वैद्यशाला गुलि जक ।
चुक मुग:या ना: मुना: ध न्ह्या:गुलिं छुं मल मदु,
त्वन्यगु ल:या कष्ट छुं मदु तुं, पुखु हिति माक्व दु ।
पथिकपिनि लैं त्यानुलंक्यत गुलि दु थाय् फल्यचा
सत:
ख्यूँगु तंक्यत राजमार्गे च्या: सदां बहनी मत ।
राजपथ सम्पूर्ण राज्ये पिचुगु क्वातुगु यक्व दु
निगम, जनपद, नगर, पुर, गां स्वा:गु दृष्टि न्ह्यय्मदु ।
गाम गामे नं सकभनं माक्व विद्यालय दया:
मदु निरक्षर सुं छम्हं शिक्षा बिना धात्थें धया ।
मिस्त आख: स्यन्यत कन्यापाठशाला चूक ननी,
पाकविद्या नाप मुलुया ज्या व थाज्यां स्यं खनी ।
मा:गु कृषिया यायूत उन्नति त:गु दै ल: ध: म्हुया:,
नत्र गय् वर्षा मजूसां रङ्ग वाउँगु खै बुँया !
कृषिविभागं बीगु उत्तम उन्नया गुगु मा:पुसा
राजकोषं बीगु अर्थ सहायता नं मा:गुसा ।
स:गु ब्वीँ ब्वीँ वा छ्वव बूब: आदि बीभ: गाक्क हे,
बूगु लैं, तुसि आदि नाना शाक-गसि वाउँक बुँ हे ।
ब्याक्क बनया वृक्ष गुँखि ह: प्या:गु पाला: काय्मदु,
बनविभागं ज्यूगु तोता: ब्यूगु छुसिँ व सिँ यक्व दु ।
शक्तिदायक रोगनाशक भिंगु विविध वनस्पति
या:गु दु वनस्पतिविभागं भिंक रक्षा जडिबुटि ।
सा:गु पक्वगु फल सया: क्वच्छूगु तरुया उपवन
द्राक्ष आदि लता गया: शोभित ह्वया: च्वंगु सुमन ।
देशया वाणिज्य भिंक्यत विपुल अर्थागार दु,
सार्थवाह कुवेर जोपिं दानभूषण यक्व दु ।
नय्मखंपि दीन खन्यमदु सुं छम्हं फोग्गीत लैं
थ:गु ज्याय् ज्याय् ज्वीगु ज्यामित च्वनिगु क:मित
ज्यासले ।
देशया साहित्य जीवित यायूत बाधा छुं मदु
थ:गु भाषां योगु विषये च्वेगु नं अधिकार दु ।
भाव जक उत्कृष्ट नूतन स्वच्छ सुन्दर ज्वीव गा:
राजकोषं पारितोषिक बीगु गोकुल ल्व:गु गा ।
गुप्तचर गण चा:हिला: च्वनि गुप्त रुपं यक्व लैं ।
सुं खँ वा व्यभिचार मखना: सुंक ध्वंवनि थ:गु छ्यें ।
काय्गु छुं राजस्व ल्यं मदु ज्वन्य मज्यू सितिं प्रजा,
स्वेगु केवल ख: महांया ज्या भुतू फुक च्या: मच्या: ।
देश रक्षा याय्गु निंतिं वीर योद्धा मा:गुलिं
ज्वीगु सैनिक ल्याय्म्हपिं अनिवार्य याना: त:गुलिं ।
शूर क्षत्रिय चण्ड शाक्यत धैगु जगते नां दना:
सैन्य, सल, किसिया प्रतापं मेगु राज्यं त: हना:।
सलगले सल जा: सियूपिं यचु गुलिं म्हैं च्या: दुपिं ।
गय्मलाकं नृत्य याना: ब्वाय्त फय्या त्वाय् गुपिं ।
अटविया दुर्धर्ष गज लाना: हया: किसिया बलं
किसिगले अमि चाल सीका: तल कुना: किसिमागलं ।
देशया पिन्य ख्यो छचालं जयूत सा म्ये दुगु च्वले,
जा:गु वासा फै व च्वामोसात गांया पशु गले ।
दुरु व धौया न्ह्या:गु खुसि थें शाक्यराज्ये सकभनं
नौनिध्यो द्वँ: द्वँ: चिना: च्वनि उगु नदीया फेन थें ।
ब्रम्हचर्याश्रम दु वनया पर्णशालाय गुरुकुल,
स्यनिगु ख: बांलाक गन मा:मा:गु विद्यार्थ विपुल ।
अर्थशास्त्र व नीति, दर्शन, वेद विधि, विज्ञान नं,
व्याकरण, ज्योतिष, निरुक्त व छन्द, शिक्षाकल्प नं,
स्मृति, पुराण व गणित लिस्य गान्धर्व विद्या आदि नं
योगु विषयत व्वन्यदु योसा वैद्यया वैदांग नं ।
नय्गु दुरु धौ म्हित्यगु त्वाले मल्लशाला लिक्क दु,
अस्त्रविद्या सयक्य योसा स्यन्यत सेनापतित दु ।
ल्याय्म्हपिं गुलि ल्हंगु वाल विवाह याय् हे मदुगुलिं
स्वास्थ्यया छु खँ छम्ह ध्य छम्ह व्यायाम याना: च्वंगु
लिं ।
मस्त ययिपुस्य च्वंगु स्वे हे हइ्ग लैं मामं बुया:
बइस जाय्का बूम्ह काय्या ख्वा: स्वया: प्याखं हुया: ।
मिस्त सकलें रुप, यौवन, शीलया निधि जूगुलिं
ल्वापु छुं मदु छ्यें, बले नं च्वं नख: थें न्ह्यावलें ।
शिल्पशाला क:मितय् थ:थ:गु गृहया अङ्ग थें,
न्ह्याग्गु जुसां ज्या छता दयि अमिक्य तनया वस्त्र
थें ।
दंगुलिं दा:वैगु बुँ ज्वना: न्ह्याबलें छ्पु हे सिख:

स्यंगु बुँ स्वया: बीत पल्यसा अमित गोपी मा:गु ख: ।
शाक्यपिनि परराष्ट्र नीति उदार बांला: धात्थ्यनं
वयदु सकलें मा:गु ज्याय् व्यापार निंतिं सकभनं ।
वीर वंशज शाक्य गणया दूर्ग थें राष्ट्रीयता
ज्वीगु न्ह्यागगुं कार्य यायत कस्तिहा थें एकता ।
प्रथम सल्हां त:गु गुगुज्या थ:पिसं भाला कया:
पूर्ण याइगु प्राणपण उगु ज्यात अमिसं मनतया: ।
द्वेष छं मदु अमि परस्पर व्याक्क सम हे जूगुलिं,
'शाक्य भीपिं शाक्य राज्य थ्वं धैगु अमिसं स्यू थुलिं
शैव, वैष्णव, शाक्त आदिक विविध धर्मत गुगु दुगु
न्ह्यागगु जूसां शुद्ध धर्मे च्वन्य दु अन गुगु यो उगु ।
उगु सुराज्ये धबल निर्भर, गहन वन, निर्मल पुखू
राजधानी जा:गु वाकू जाकिकू, धनया धुकू ।
त:गु ग्वाया: ज्वीक जुजुया अन्तपुर हे रञ्जित
पाटया नायूगु सालुगु चित्रचित्रत वस्त्रत ।
यक्व हे मू वंगु मणिया तेज मत थें थी छथाय्
धाक्व लु, वह:, स्वर्णमुद्रा जा: ध्यबा, पायम्वह क्वथाय्
भव्य भवनत खन्यव हे उगु विभवया अनुमान जू
स्फटिक सद्दशगु अति विशालगु अभ्र लिस्य गुगु ल्वा:
सा:गु फलया वृक्ष दुगु, वांला:गु, स्वांमां पूर्णगु
इन्द्रया नन्दननिकेतन जोगु गथुया ज्या दुगु
थ:गु उगु उद्यान नृपतिं व्यर्थ थें खन सुत विना
ज्या:जुया:गृहत्याग याना: वन्यत खुलुखुलु मन मिना:
लोक सकलें ख: मिभ्रंग: शाक्यराज्य-अरण्यया
शीघ्र हे ख्वा: स्वेगु आशाय् कुल गगनया चन्द्रया ।
लिथुम्ह रानी गौतमीया नं मचा मदया छम्हं
मेम्ह छम्ह रानी इही या धाय् मछाला: च्वन हनं ।
छन्हु सभाय् ल्हा: बिन्ति याना: बृद्ध मन्त्री छम्ह दना:
थुलि निवेदन यात याकन मा:गु कारण फुक क्यना:
'सूर्यकुल अवतंशं ! भी अविछिन्न मनुया वंशया
क्षीण निश्चय याय् मज्यू, बरु मेम्ह रानीसां हया:'
थुगु बचन जुल वज्र थें जुजुयागु चित्त-महीरुहे
त:म्हरानी दय्व ल्वापुत ज्वी धका आपा गृहे
उचित उत्तर बीगु मदया: हृदय अति विश्रम जुया:
पलख पृथिवी क्वच्छुना: च्वन दीर्घतां भसका: तया: ।
शकमहीपतिया मलिन मुख विप्रवर छम्हस्यां खना:
समय सीका: सत्य सल्हा: बिल सुधा सम वं दना:
'शाक्यकुलमणि ! छाय् थपाय्चो छ:पिसं धन्दा कया
!
दिव्य औषध, नियम संयमया परीक्षा छाय् मयाय् ?'
रामया बौयात श्रृङ्गीवचन लिधंसा जूगु थें,
बूम्ह योद्धायात यद्वा प्राप्त आयुघ जूगु थें,
जन्मवन्दीं आश खनि थें छयौं ल्हवना:शुद्धोदनं
जूगु आज्ञा 'ज्यूगु द:सा शीघ्र हे या यत्न नं'
"राजमहिषीपिन्त तय्मा: लच्छि अबुसं यंक
हे,
भंगु दाखं ज्वी मचाछ्र्यैं फ्वी थुकिं दा: ब्याक्क हे:
छ: पिसं नं शुद्ध रसया याय्गु सेवन मन तया:"
विज्ञ ब्राम्हणया थ्व वाक्यं गाक्क हे भलसा वया:
थ:गु वक्षस्थल ल्ह्वना वं मुसुक न्हिल द्विजरव्वा: स्वया:
"धन्य ब्राम्हण देवता ! थौं छिगु कृपा-चिकने दुना:
गंगु सिसिथां तुल्य आशाया लताय् सुत-स्वां ह्वया:
ज्वीन कुसुमित कुज्ज सुरभित राजगृह-आरामया"
गंगु सप्पा अगर सिंता चन्दनादि सिँ छ्वेकल,
विविध वृहि ध्यो धार हाय्का: मा:गु वास: दयकल ।
पूत ज्वीवं उगु रसायण बिल हया: उम्ह ब्राम्हणं,
वैत सेवनयात मद्दिक शाक्यपति शुद्धोदनं ।
अन्न धन सम्पत्ति लु वह: यक्व वैत बिया:छ्वत,
च्वन लिपा आनन्द पूर्वक च्या:गुलिं आशा-मत ।
व्रत उपोसथ यात न्हित्थं मोल्हुया: रानीपिसं
लच्छि यंकं शुद्ध हृदयं पुत्रया जक कामनां ।
लच्छि अबुसं फुक सिधय्का: छन्हु तिसा वसतं पुना:
वंगु माया गौतमी थ:थ:गु ग्वा ग्वे स्वां ज्वना:
ज्वीक शशि सम रुप आभां अन्तपुर हे शोभित
अमिगु ल्हा:या पुष्प तांबुलया सुगन्धं सुरभित ।

क्रमश:

सुगत सौरभ महाकाव्यबाट साभार

जनशक्तिहरूको विदेश पलायन र बुद्ध शिक्षा

✍ डा. त्रिरत्न मानन्धर "परियत्ति सध्दम्म कोविद"

नेपाल स्रोत र साधन अभाव भएको देश होइन। यहाँको भौगोलिक अवस्थाले गर्दा विविध किसिमका स्रोत र साधनहरू प्रकृतिप्रदत्त छन्। यहाँका हिमाल, पहाड, उपत्यका तथा तराईहरू आर्थिक विकासका लागि आवश्यक स्रोत र साधनले भरिपूर्ण छन्। तराई तथा उपत्यकामा भएको उर्वर माटोले कृषिकार्य गरेर अत्याधिक आर्जन गर्न सक्ने अवस्था विद्यमान छन्। यहाँका सुन्दर प्राकृतिक दृश्यहरूले प्रकृति प्रेमीहरूलाई जहिले पनि आकर्षित पारिरहेका हुन्छन्। देशका विभिन्न धार्मिक महत्त्वका स्थानहरूले धार्मिक आस्थावानहरूलाई जहिलेपनि त्यहाँ पुग्न लालायित गरिरहेका हुन्छन्। यसरी प्राकृतिक र धार्मिक पर्यटन विकासको लागि प्रचुर मात्रामा आकर्षित स्थानहरू छन्। हिमाल, पहाड र वन जंगलमा पाईने अमूल्य जडिबुटी निर्यात गरेर वा स्वदेशमै त्यसको प्रशोधन गरेर आर्थिक अवस्था उकास्ने बाटोहरू प्रसस्त छन्। हिमाल तथा पहाडबाट बगेका झरनाहरू जलस्रोत विकासको लागि उचित प्रयोगमा ल्याउन सकिन्छ। यसरी स्रोत र साधनको कमी नेपालमा कुनै पनि हिसाब छैन।

तर यति हुँदाहुँदै पनि वर्तमान नेपालको अवस्था कहाली लाग्दो छ। यहाँका अनगिन्ति मासिनहरू अर्थोपार्जन गर्नको लागि विदेशीन बाध्य छन्। आफ्नो घर आँगनका खेतीबारीहरू छोडेर आफ्नो जिउज्यानको सुरक्षा नभएता पनि शारिरीक श्रम गर्न विदेशिन बाध्य छन्। आफ्नो अस्मिता लुटिन्छ भनेर थाहा हुँदा हुँदै पनि आफ्ना चेलीहरूलाई विदेश पठाउन सघाईरहेका छन्। विद्यार्थीहरू आफ्नो देशमा भएका उच्चशिक्षालाई वास्ता नगरी विदेशमा उच्चशिक्षा लिन लाखौंको संख्यामा विदेश धाईरहेका छन्। व्यापारी तथा उद्योगपतिहरू पनि अब यहाँ बसेर कमाउन सकिन्न भनेर उद्योगलाई बन्द गर्दै पूँजीलाई विदेशमालगेर लगानीको अवसर खोजी गरिरहेका छन्। विभिन्न विषयमा दक्षता हासिल गरेका उच्च जनशक्तिहरू पनि देशको मायालाई ठातिमा राखेर अवसरको खोजीमा विदेशीन बाध्य भईरहेका छन्। विभिन्न बाध्य भईरहेका छन्। यसरी सबै आफ्नो देशलाई छोडेर विदेशमा भाग्य आजमाउनको लागि आज लागि परेका छन् नेपालीहरू।

यस्तो किन भईरहेको छ भन्ने प्रश्नको उत्तर खोजी गरेमा विभिन्न क्षेत्रमा बढीरहेको विषम परिस्थिति नै मूल कारणको रुपमा अगाडि उभिन आउँछ। अशान्ति, लूट, चन्दा आतंक, भ्रष्टाचार, नातावाद, कृपावाद गुण्डागर्दि आदि विभिन्न क्षेत्रमा देखापरेका अराजकता तथा विषम परिस्थिति र त्यसलाई प्रश्रय दिने खालका राजनैतिक अवस्था नै यसका कारण हुन् भन्ने स्पष्ट हुन्छ। यस्तो हुनुको पछाडी मूल रुपमा यो देशका राजनैतिक नेताहरूको अकर्मण्यता र देशलाई

साँच्चै सुख समृद्ध पार्ने इच्छा शक्तिको कमीनै हो भनेर ठोकुवा गर्न सकिन्छ । यहाँका राजनैतिक नेताहरूले चाहेमा यस्ता अराजकतालाई क्षणभरमा निमित्यान्न गर्न सकिने कुरा हो तर आफू सधैं कुर्सीमा टाँसि रहने चाहनाको कारणले यस्ता यस्ता विषम परिस्थितिका कारकहरूलाई प्रोत्साहित गरिरहेका छन्, निरन्तरता दिईरहेका छन् नातावाद कृपावादलाई संस्थागत गर्न बल पुऱ्याईरहेका छन् र राजनीतिलाई अपराधिकरण गरिरहेका छन् ।

यद्यपि नेपालका राजनीतिवाजहरू आफूहरूलाई जनताका नेता भन्ने दावी गर्छन् तर आफ्नो कार्यकलापले उनीहरूले यो देशलाई यत्ति अशान्तिको भुमरीमा पुऱ्याई सकेका छन् कि अब यो देशमा सोझा सीधा मानिसहरू बस्न लायक नरहेको लक्षण देखापरिसकेको छ र सामान्य जनताहरू उनीहरूको नामले नै एलर्जी हुने परिस्थिति भइरहेको छ । किनकी जतिपनि सुखशान्ति खलबलाउने हत्या हिंसा, लुट ठगी, भ्रष्टाचार आदि कुराहरू हुन्छन् त्यसमा अधिकाँश राजनैतिक शक्तिको हात भईरहेका हुन्छन् । प्रत्यक्ष वा परोक्षरुपमा राजनैतिक नेताहरू व्दारा अपराध बढाउने कार्य भैरहेको कुरा स्पष्ट भईरहेको छ । राजनैतिक माग मनाउनको लागि यहाँ प्रत्येक दिनजसो विभिन्न राजनैतिक दलहरूले आलोपालो गरेर बन्द र हडताल गरी जनजीवनलाई अस्तव्यस्त पार्ने विकृतिको पनि प्रशस्त अभ्यास भैईसकेको छ र अझ हुँदै पनि छन् अधिकारको प्रयोग र लोकतन्त्रको अभ्यासको नाउँमा । एक चोटी बन्द हुँदा जनतालाई कति कठिन हुन्छ भन्ने सोच्ने यी राजनैतिक दल र त्यसका भातृसंगठनका नेताहरूलाई फुर्सद छैन । यिनीहरूमा थोरै मात्र पनि विवेक भएको भए हजारौं पटक नेपालमा बन्द सफल भईसकेका छन् तर देशलाई कति उँभोलगायो भन्ने सोच्थे होलान् । तर आफ्नो स्वार्थसिद्धगर्न जनतालाई दु:ख दिने र जनताकै लागि भनेर निरन्तर रुपमा यस्ता बन्दको हतियारले जनतालाई निरन्तर प्रहार गरिरहेका छन् । अनगिन्ति त्यस्ता सफल बन्दले यी नेताहरूलाई पक्कै पनि सफल बनायो होला तर जनताको हातमा के छ, मात्र शुन्य बाहेक । भय, पिडा, आशंकाले घेरिएका ती जनताहरू अनि विकल्पको रुपमा विदेश ताक्नु बाहेक अरु के गर्नु । यसरी बन्द हुँदा हुने आजीविकाको समस्याले मानिसहरूलाई विदेशीन बाध्य पारिरहेको छ ।

नेपालमा राजनीति गर्ने नेताहरूले पठनपाठनमा लाग्नु पर्ने विद्यार्थीहरूलाई विशेषरुपमा हातमा लिईरहेका हुन्छन् । आफ्नो भातृसंगठनको नाउँमा आफ्नो पार्टीले गर्ने राजनैतिक कार्यकलापहरूमा उनीहरूलाई सक्रियताका साथ सहभागी बनाउँछन् । फलस्वरुप बन्दहडतालमा सबभन्दा अग्रपंक्तिमा उनीहरू नै सक्रिय हुने गर्दछ र समय समयमा शिक्षणसंस्था बन्द गर्ने गरिन्छ । यसकारण साँच्चै ध्यानपूर्वक अध्ययन गर्नेहरूका लागि नेपालमा शैक्षिक वातावरण पटक्कै नभएको महसुस गर्दै विदेशमा पढ्न जाने तरखरमा लाग्छन् ।

उद्योगधन्दा, व्यापार आदिको अभिवृद्धि नै देशको आर्थिक विकासको आधार हुन् । कुनै बाधा अवरोध विना चलिरहेका उद्योगधन्दामा पनि राजनीतिको प्रभावले अब धेरैजसो उद्योगधन्दाहरू धरासायी हुने अवस्थामा छन् । उद्योग तथा व्यापारमा संलग्न श्रमिकहरूले विभिन्न राजनैतिक दलको भातृ संगठनको नाममा उद्योग धन्दालाई नै चौपट बनाउने किसिमले बन्द हडतालहरू गरिदै आई रहेको देख्न सकिन्छ । श्रमिकहरूको जायजमाग मात्र नभई पुरानै गर्न नसकिने मागहरू अगाडि सार्दै भईरहेको बन्द, हाडताल, तालाबन्दि आदि देखी उद्योगीहरू तर्सिएर

अब उप्रान्त यहाँ उद्योग तथा व्यापारको लागि पूँजी लगाउनु नाफाभन्दा जोखिम बढी हुने निष्कर्स निकालि रहेका छन् । उद्योग व्यापारमा कार्य गर्ने कर्मचारीहरूलाई पनि यी नेताहरूले राजनीति गर्ने नाउँमा हडताल, बन्द गर्न उक्साई रहेका हुन्छन् वा उनीहरूलाई सरक्षण दिईरहेका हुन्छन् । जसबाट उनीहरू निश्चिन्त भएर उद्योग व्यवसायमा अवरोध पुऱ्याईरहेका हुन्छन् ।

देशमा पर्यटन उद्योगको धेरै सम्भावना भएर के गर्ने, निरन्तर भईरहने हडतालले पर्यटकहरू यहाँ निश्चिन्त रुपले घुम्ने वातावरण नभएको हवाईजहाजबाट ओर्लदादेखि नै बन्द र हडतालको कारणले यातायातका साधनहरूको अभावले एअरपोर्टदेखि आफ्ना गुन्ताहरू बोकेर होटलमा हिडेर आउनुपर्ने वातावरण यहाँ बरोबर भईरहने हुन्छ । जसबाट एक पटक आएका ती पर्यटकहरू फेरी आउँन चाहँदैन र आफ्ना साथीहरूलाई नेपालमा घुम्न जाने ठाउँ नभएको सन्देश दिन बाध्य हुन्छन् ।

अब त यो देशमा राजनीति गर्ने नेताहरू, कार्यकर्ताहरू तथा विदेश जान आँट नभएका कमजोर जनताहरू मात्र बाँकी रहने हो कि भन्ने लागिसकेको छ । देशविकास गर्नुको साटो आफ्नो स्वार्थ सत्तालिप्साले जनतालाई थर्काउने, देशका जनताहरूमा व्देष र दुर्भावना फैलाएर आफ्नो दुनो सोझो पार्न अभ्यस्त नेताहरू र ती नेताहरूको आडमा कुनै नियम र प्रक्रिया र योग्यता विना नै आफूले चिताएको प्राप्त गर्न सफल राजनैतिक कार्यकर्ताहरू मात्र यो देशमा बस्न सक्ने वातावरण बनाइदै छन् ।

देशका नेताहरू अब साँच्चैकै देश बनाउन चाहने हो भने विभिन्न कमजोरीहरूलाई सच्याउने जमर्को गर्नु आवश्यक भै सकेको छ । २६०० वर्ष अगाडि जन्मनु भएका नेपालका सुपुत्र तथा गत बुद्धको शिक्षालाई विभिन्न क्षेत्रमा लागू गर्नु अत्यावश्यक भई सकेको छ । बुद्धको सप्त अपरिहानिय धर्म, दश राज धर्मका उपदेशलाई राजनैतिक नेताहरूले हृदयगम गर्नुपर्ने बेला आईसकेको छ । गरिबी निवारण र आर्थिक विकासका लागि, बुद्धको कूटदन्त सुत्त, चक्कवति सिंहनाद सुत्रलाई आत्मसात गर्न ढिलाई भै सकेको छ । जनताहरूलाई गैर जिम्मेवारी कार्यकलाप हटाएर कर्तव्यनिष्ठ पार्न सिंगालोवाद सुत्रको शिक्षाको जागरण दिनुपर्ने समय आईसकेको छ । भाषण, जुलुश, नारा, हडताल, बन्द गरेर एक अर्कामाथि उत्पन्न हुने व्देष दुर्भावनहरू निमित्यान्न पार्न मैत्री भावनाको अभ्यास नितान्त आवश्यक भैसकेको छ । यसो गर्न सके आफ्नो देशको जनशक्तिहरूको पलाएन रोक्न अवश्यमेव सफल हुनेछ र स्रोत र साधनका कमी नभएको यो देशमा शान्ति र संवृद्धि ल्याउन कसैले रोक्न नसक्ने ठोकुवा गर्न सकिन्छ ।

गुलाँ पर्वया भिंज्याया
लसताय् सकल मानव
पिनिगु
भिंगु चेतना जागृत
जुइमा धका भिन्तुना
देछाय् च्वना ।

आर.एस. सुनचाँदी पसल
गोल्मढी, पलिस्वेल



Anagarika Dhammapala and His Pilgrimage to Lumbini

❋ Basnata Bidari
Chief Archaeologist, Sacred Garden, Lumbini, Nepal

The responsibility to speak about such a great personality Angarika Dhammapala is a big risk from any venture I have ever tried. He was and institution by himself. He devoted his entire life to spread the Buddha's universal message of peace and compassion throughout the world. It is a great honor to me by the organizer to give this opportunity to speak about him today in this dignified gathering.

The great son of Sri Lanka Ven. Angarika Dhammapala was a foundation for India's cultural heritage and leadership in thought known to the world. He was born on September 17, 1864 in an aristocratic family. After he completed his study he dedicated himself to the service of humanity and revival of Buddha Dharma. In the beginning of his early days he worked with Colonel Olcott and Madan Blavatsky, co-founder of the Theosophical Movement. He came to India in 1891 and first he visited Bodhgaya, touched with forehead the Vajrasana, the place where Lord Buddha enlightened. He meditated under the Sacred Bodhi Tree and made decision to develop 'a society for the preservation of the land of Buddha'. At the age of 27,in 1891 he established 'the Mahabodhi Society of India' with headquarter in Culcutta on the sacred occasion of the Buddha Purnima (Baisakh full moon day) from where his activities radiated.

In 1892 he started the publication of Maha Bodhi Journal from Calcutta. In 1893 he was invited by Dr. Burrows, Chairman of 'the Word Parliament of Religions' held in Chicago and represented the Buddhist World. He was still in his young age of 29. He was along with Swami Vivekananda of Ram Krishna Mission and both these young men left great impression on the International gathering. After the conference Dhammapala visited some parts of America explaining the great teaching of Lord Buddha. Later on he visited Europe an America several times and opened the branches of Mahabodhi Society in New York, Berlin and England. He opened several branches of the society in various parts of India having its head quarter in Calcutta and started 'Dhammaduta' activities.

The greatest contribution of Dhammapala was he paved the way for the Buddhists of the world to pilgrimage to sacred places of Buddha in India. He traveled to Buddhist countries and explained the Buddha's teachings and persuaded them to visit the land of Buddha.

In 1891 he called an International Conference at Bodhgaya, which was first of this kind in modern India.

The most significant contribution of Dhammapala in the history of modern India was the construction of a magnificent Mulagandhakuti Vihara at Sarnath. This is the place, where Lord Buddha preached the Dhamma chakka pavattana sutta (turning the wheel of law), for the first time after he enlightenment.

In the year 1931, on the occasion of the opening ceremony of the Muagadhakuti Vihara, H.E. Lord Willington, Viceroy and Governor-General of India presented the relics of Lord Buddha which were found at Taxila toMahabodhi society to enshrine the newly built Vihara.

With the great effort of Dhammapala Government of India passed the 'Buddhagaya Temple Act' in 1949. Under this act a Committee was formed which is called 'The Buddhagaya Temple Management Committee' consisting of 4 Buddhists and 4 Hindus for the management and control of the temple. Earlier this temple was under the Hindu Mahanta.

His Pilgrimage to Lumbini the Holy Birthplace of Lord Buddha

Anagarika Dhammapala and Rev. P.C. Jinavaravamsa, the late prince of Siam (present Thai-

land) came on pilgrimage to the Brithplace of Lord Buddha, Lumbini. They started their journey on 1st April 1898 from Calcutta by the train. They arrived at Birdpore near Nowgarh at Mr. Pepe's bungalow.

On 6 th April they preceded for Lumbini by trap to Kakrahawa the Indian boarder. From there the road was not good for the trap and Mr. Jackson, an English gentleman working for British Raj sent an elephant to take them to Lumbini. At Kakrahawa Bazar they noticed the British frontier-line and came to a large agricultural fields surrounded by the River Telar and its tributaries. Them they passed through a large village called Bhagwanpur, the name supposed to have been named Bhagavan, the Lord Buddha. During the visit of Dhammapala, Bhagwanpur was a large village and well known to the people of lower Nepal. It was a sub-division of Butwal District of that province. There were many public institutions of Nepal Government such as Revenue collection office, police station, Post office, school and Market. All the officers were Gurkha tribe. Bhagwanpur was under the jurisdiction of Nepal Commissioner of the Butwal district and it's headquarter was at Tauliva (Taulihawa). Any European, who intends to enter to visit Lumbini Garden or enter to Nepal territory, must need a passport from the commissioner of Butwal or from the representative of the Nepal Government resided in Calcutta. For Indian no passport was needed to enter any part of Nepal. Both of them, Anagarika Dhammapal and Rev. Jinavaravamsa were in monk robes and no police officer noticed them and easily passed through. After arriving a small village Paderia and passing that village they noticed the most beautiful, most charming mound of long-lost 'Sacred Brithplace' of Lord Buddha covered with small bushes.

Dhammapala mentions in his travel account the then condition of Lumbini Garden in the following.

"We soon dismounted the elephant and went up to the foot of the pillar, the portion of which rose above the ground, is about 8-10 feet high, with the inscriptions of four different languages. The lower part of the pillar which was buried underground was also once exhumed, examined and measured and was set up again in its former position. The length of this part below the ground is about 8 feet, so the whole length of the pillar will be about 16 or 18 feet. The circumference of the lower end will be about 6 feet. The pillar is made up of stone quite unlike that of the stone found in Bodh-Gaya. The pillar seemed to be split from top to bottom. The pillar was set up within a well-like square deep hole with brick walls about four feet long in each side. The walls and a part of the hole are now kept uncovered with earth of bricks for the examination of visitors.

An image of Mayadevi engraved upon a stone with the image of newly –born siddartha kumar about 18 inches in length was kept in a small temple erected by the Nepal Government over the ruins of the ancient one. This temple is at about 15 feet to the east of the pillar and on the top of the mound. The image is placed in the interior floor of the temple, leaning against the wall, not in the same level with the surface of the mound, but 5 or 6 feet deeper from its surface. So any pilgrim who intends to see the image must descend by the step to the floor which is very narrow and not big enough to contain four or five persons at a time. The charge of the temple and image was entrusted to the care of one Gurkha Guard, employed by the Commanding General of Nepal, who lives in Tansen, about 34 miles to the north of Lumbini.

There is also at the temple a Chinese Buddhist Lama for offering the daily puja and showing the image of Mayadevi to the Hindu pilgrims of Nepal. Hindu pilgrims worshipped it under the name of Rummin Devi, and offer sacrifice before it, thinking it to be an image of Bhagavati or Durga. Most probably the word Rumin is the corrupted form of the word Lumbini.

On the back part of the temple some women were seen enchanting their ritual songs in honor of the goddess, while a man was shaving the head of a boy of seven years of age, for whose prosperity and long life parents promised to offer some sacrifice.

When we were entering into the temple, the guard and Chinese Lama also followed us and entered the temple with us. According to the order of the Commanding General, the image of Mayadevi is always kept covered with a piece of cloth, exposing only the face and feet to the public, for the Commanding General on an occasion of a visit to the temple, mistook it to be a naked figure, which is not really the case. After finishing our worship of the image, while we were trying to see the whole of the image by removing the cloth, the guard forbade this and explained to us the order of the Commanding General prohibiting the exposing of the other part of the body of the image except the face and feet. We first thought that this order of the commanding General was meant only for the European visitors; so we explained to the guard, who took us to be Christian, on account of us conversing on English, that we were not Christian, but Buddhaist

and came here to worship the image. Although after long remonstrance, we did persuade him that to show the whole of the image, and explained to us that the neither the Buddhist nor the Hindu nor the Christains could be allowed to see the whole body of the image. The visitors can see only the face and feet, which always kept exposed to public sight. Any visitor intending to see the image has to go with the Lama, who remains there always present, and has to pay some amount whatever it may be, as the entrance fee to the temple, which is sent to the Nepal Government. Besides this, the Lama gets some presents for himself from the visitors.

Out side the temple we saw some broken images, most probably of the devas of gods of heaven, and of some members of the Sakya family who came to honor the Lord's birth. Amidst these images, an image, complete and still good order, was that of a woman, probably that of Mayadevi, carrying the infant Kumar Siddhartha in her arms. We took a photograph of these images in group. (I am failed to trace these photographs)

Our next duty was to see the different parts of the mound, the sight of which is really a charming and an impressing one. It is round mound of the circumference of about 600 feet, and is in the midst of the vast plain, paddy-fields surrounding it. On the east north and west side of the mound the paddy fields are so vast, that the villages beyond them are at distances of 2 to 3 miles from the mound. On the south is a mango-park of the village Paderiya about 600 feet from the southern based of the mound.

The tank, probably of Asoka, still exists in ruins, attached to the south edge of the mound with a very old and conspicuous tree of the Simal (?) kind on its south bank. Its loneliness in the midst of the vast paddy-fields, its small bushes resembling the banks of the pond over-grown with green trees, of flowers and fruits, and its misty sight with its small temple rising above the bushes, soon attracts and traveler's attention and deludes them to believe it to be a beautiful garden of flowers and trees like those of a most flourishing and rich town. But unfortunately we could not see any Sal tree grown there, as described in the ancient Pali books, except some plants of that kind. On the south side of the temple, there are ruins of some ancient wells and buildings all covered with earth and prickly shrubs.

There is another temple on the mound erected parallel to the north side of the temple of Mayadevi. This temple is not an ancient one, and is erected over the ruins of an ancient temple. It is dedicated to Maha Deva- a Hindu God- and a Shiva lingam was enshrined there. We thought the Shiva Lingam was placed there in some later time, long after the fall of Buddhism in India. The door of this temple of the Maha Deva remains always locked up and no pilgrims worship in this temple. It is in ruins and overgrown with moss and plants. After seeing this temple of Maha Deva, we came down on the field and took a photo of the whole scenery of the Lumbini mound from the back of the elephant."

They had arrived at the Lumbini garden at 7 o'clock in the morning, and returned back at 9-45 o'clock on the same morning. They saw many other mounds on the west side of the route from Lumbini to Kakarhawa bazaar. Of such mounds, one is at the village of Paisia that of worth seeing. It is on the east side of their route and within the estate of a Zamindar, Babu Suraj Prasad Lalji Bhaia. There they saw a mound supposed to the ruins of an ancient stupa and spread over a large part of the paddy- field. There was another mound about 100 feet east of the above stupa, was a Shiva Lingam about 2 feet height, was always exposed to the atmosphere. From there they left for Dullaha Kothi of the Dullaha estate and reached at about 1 o'clock.

Anagarika Dhammapala established Upasana centers, Libraries, Schools, Colleges, Orphanages and Hospital etc, it India and Sri Lanka for the general public. He helped India to rediscover Buddha and took pride in Buddhism and Buddhist culture. The present flourishing condition of Bauddha-Gaya, Saranath, Kushinagar, Sanchi and many other sacred places of Buddhism like Lumbini centers are the direct result of Dhammapala's untiring and selfless efforts.

He passed away on 29 th April 1933 at Saranath. Before he took the last breadth he said "Let me die soon and let me reborn. I can no longer prolong my agony; I would like to reborn again 25 times to spread Lord Buddha's Dhamma."

Thanks.

References:

1. Sambodhi, 100 years Maha Bodhi Society of India, Sambodhi, Buddhagaya, No. 2, Vol. 2, 1991.

2. The Maha Bodhi (Vaishakha Issue), the Journal of the Maha Bodhi Society of India, No.2, Vol. 105, April-June, 1997.

(Paper presented on the occasion of 143 th brith anniversary of Anagarika Dhammmapala at Mahamaya Vishwa Shanti Buddha

जे.एफ.एम.केखनी (भिक्षु शीलाचार)

✍ रत्नसुन्दर शाक्य

१९ औं शताब्दीको उत्तरार्द्धमा यूरोपमा प्रादुर्भाव हुनुभएका केही विशिष्ट बौद्ध व्यक्तित्वहरूमध्ये इङ्गलैण्डका तेस्रो भिक्षुको रुपमा रहनुभएका भिक्षु शीलाचार वा जे.एफ.एम. केखनी (J.F.M.Kcchnie) पनि एक प्रमुख हुनुहुन्छ।

उहाँको जन्म संयुक्त अधिराज्य इङ्गलैण्डको उत्तरतर्फ स्कटलैण्डमा सन् १८७२ मा एक इशाई परिवारमा भएको थियो। आफ्नो बाल्यकाल मै पिताको निधन हुन गएको कारण उहाँ आफ्नो काका-काकी एवम् उहाँहरूका पुत्र-पुत्रीहरूका साथ सँगै रहनुभएको थियो।

उहाँले आफ्नो केही आर्थिक प्रबन्धको निमित एउटा रात्री स्कूलमा अध्ययनको साथै सेवारतमा पनि लागेका थिए तर पनि उहाँ आफ्नो जीवनप्रति निराश (असन्तुष्ट) भई आत्महत्या (suicide) समेत गर्ने सोचमा रहेका थिए। संयोगवश (भाग्यवश) त्यसैताका उहाँले एउटा अङ्ग्रेजी पत्रिकामा "निर्वाण" सम्बन्धी एउटा लेख (रचना) अध्ययन गर्न पाएबाट उहाँको जीवनको मोड (दिलचस्पी)बुद्धधर्मतर्फ मोडियो।

त्यसैबेलादेखि उहाँले आफ्नो जीवन बुद्धधर्मको लागि समर्पित गर्दै लगे। उहाँले बर्मामा जीवन (बुद्ध-धर्म अध्ययनार्थ) बिताउँदै आउनुभएका दोस्रो अङ्ग्रेज भिक्षु आनन्द मेत्तेय्य (सन् १८७२-१९२३) ले सम्पादन एवम् प्रकाशन गर्दै आइरहेको "The Buddhist Review" नामक पत्रिकाको निमित्त अवैतनिक सेवारत रहने आशयका साथ एक पत्र बर्मामा पुऱ्याए। भिक्षु आनन्द मेत्तेय्य (गृहस्थ नामसी.एच.आलेनै बेनेट) ले पनि यसबाट प्रसन्न भई जे.एफ.एम. केखनीलाई बर्मामा तुरुन्तै निम्तो गरे- यो २० औं शताब्दीको पहिलो दशकको (सुरुको) कुरा हो।

स्मरणीय छ, इङ्गलैण्डको पहिलो बौद्ध भिक्षु-गर्दन डगलस (Gordon Douglas) हुनुहुन्छ। उहाँ सन् १८९९ मा भिक्षु अशोकको नामबाट प्रवज्या एवम् उपसम्पन्न हुनुभएको थियो। उहाँ सन् १९०५ मा नै बर्मामा निधन हुनुभएको कारण दोस्रो अङ्ग्रेज भिक्षु आनन्द मेत्तेश्यको तर्फबाट मात्र यूरोपमा सर्वप्रथम सन् १९०८ मा मात्र बौद्ध धर्मदूतको रुपमा भिक्षु आनन्द मेत्तेश्य पुग्न सफल भए।

जे.एफ. एम. केखनी-भिक्षु आनन्द मेत्तेय्यको बोलाहटमा बर्मा पुगी पालि साहित्यको विस्तृत अध्ययन गरे, यसको केही वर्षपछि नै उहाँ बर्मामै सुप्रसिद्ध जर्मनी भिक्षु ञानाति लोक (सन् १८७८-१९५७) को आचार्यत्वमा प्रवजित भई "श्रामणेर शासनवंश" हुनुभएको थियो।

श्रामणेर शासनवंशले सन् १९०७ मा आफ्ना गुरूवर भिक्षु ञानातिलोकको एक मूल पुस्तकको रुपमा सम्पादन गरेको "Das Wort des Buddha" (चतुआर्य सत्यको सम्बन्धमा लेखिएको

कृति "The Word of the Buddha" को अङ्ग्रेजीमा अनुवाद गरी सन् १९०७ मै बर्मा मै प्रकाशित गर्नुभएको थियो ।

श्रामणेर शासनवंश उपसम्पन्न भई "भिक्षु शीलाचार" हुनुभएका जे.एफ.एम. केखनीले केही वर्षदेखि बर्माबाट सन् १९१०-११ तिर भारत-भ्रमणमा आई पुग्नुभएको थियो । उहाँले त्यसताका दार्जीलिङ्ग, सिक्किम (गान्टोक) र कालिम्पोङ्गको पनि यात्रा (अवलोकन) गर्नुभएको थियो ।

त्यसबेला सिक्किमका महाराजको अनुरोधमा उहाँले गान्टोकको विभिन्न ठाउँमा प्रवचन दिएका थिए । यस्तै प्रवचनको प्रबन्ध कालिम्पोङ्गमा पनि हुन लागेको देखी कालिम्पोङ्गका ईशाइ मिशनरीहरूले ईशाइ धर्मबाट निस्केका व्यक्तिको तर्फबाट हुनलागेको बुद्ध-धर्मको प्रवचन रोकावत गर्न त्यहाँका सव-डिभिजनल अफिसरलाई बाध्य तुल्याए वा प्रवचन व्यवस्थाको विरोध गर्न लगाए । अत: उहाँको बुद्ध-धर्मसम्बन्धी व्याख्यान कालिम्पोङ्गमा हुनसकेन् । भिक्षु शीलाचार त्यसताका सम्ममा प्रभावशाली धर्मोप्देशक भइसकेका थिए ।

कालिम्पोङ्गमा उहाँबाट हुन नसकेको बुद्ध-धर्मको व्याख्यानलाई चार दशकपछि आएर उहाँको कृत्तिको रुपमा प्रचार-प्रसार गर्न कालिम्पोङ्गकै एक बौद्धपासक भाइचन्द्र प्रधान अगाडि बढे ।

भाइचन्द्र प्रधान (शाक्य) ले भिक्षु शीलाचारको "शिक्षार्थीको निम्ति-बौद्ध-धर्म" पुस्तक मात्र प्रस्तुत गर्नुभएको थिएन । आफ्नै पुस्तक "धम्मपद" र "खुद्दक पाठ" लाई पनि नेपालीमा अनुवाद गरी सन् १९५६-५७ मा प्रस्तुत गरी विशेषत: कालिम्पोङ्गवासीहरूलाई जागृत गराउन सक्षम हुनुभएको थियो । यसको निमित्त उहाँलाई प्रेरणा त्यसताका कालिम्पोङ्गमा रहँदै आउनुभएका अङ्ग्रेज भिक्षु संघरक्षित (जन्म:१९२५) ले दिनुभएको थियो ।

भिक्षु शीलाचारले जर्मनको पहिलो बौद्ध भिक्षु ञानातिलोक महास्थविरको कृत्तिमात्र अङ्ग्रेजी भाषामा प्रस्तुत गर्नुभएको थिएन त्यसताका जर्मनका अन्य दुई जना बौद्ध विद्वानहरू डा. पाँल ढाल्के (सन् १८६५-१९२८) र डा. जार्ज ग्रोम (सन् १८६८-१९४५) का केही प्रमुख कृत्तिहरूको पनि अङ्ग्रेजीमा अनुवाद गरी प्रकाशन गर्नुभएको थियो । यसको साथै उहाँले सूत्तपिटकको "माज्झिम निकाय" ग्रन्थलाई पनि अनुवाद गर्नुभएको थियो ।

जीवनको अन्तमा उहाँ (भिक्षु शीलाचार) अत्यधिकरुपमा बिरामी हुनुभयो तसर्थ उहाँ रोगीशय्याको भिक्षु जीवनलाई त्यागी गृहस्थ जे.एफ.एम. केखनी कै रुपमा रहनुभयो । सोही स्थितिमा उहाँले आफ्नो ७९ वर्षको जीवनकाल आफ्नै देश इङ्गलैण्डमा सन् १९५१ मा अन्त गर्नुभयो ।

उहाँ (भिक्षु शीलाचार) का केही प्रमुख कृतिहरू:

1First Fifty Dicourses of the Buddha
2 The Noble Eight old Path
3 The Dhammapada or Way of Truth
4 Young People's Life of the Buddha
5The Lotus Blossom
6 Buddhism for the Bigginers (शिक्षार्थीको निम्ति बुद्ध-धर्म)
7 Pancha sila, The Five Precepts

सन्दर्भ

१) शिक्षार्थीको निम्ति बौद्ध-धर्म-भिक्षु शीलाचार अनुवादक भाइचन्द्र प्रधान महावोधि सोसाइटी अफ इण्डिया कालिम्पोङ्ग शाखा

२) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू -दोस्रो भाग रत्नसुन्दर शाक्य, मानदास लुमन्ति प्रकाशन असन-कमलादी, काठमाडौं, २०५०

३) The Western Contribution to Buddhism
- William Peiris
- Motilal Banarasidas
- Delhi- 1973

बुद्धधर्ममा स्वास्थ्य शिक्षा र सेवाको स्थान एक संक्षिप्त परिचय

✍ शुक्रराज शाक्य, ह:खा, परियत्ति सद्धम्म पालक तृतीय वर्ष

बुद्धको समयमा स्वास्थ शिक्षा र स्वास्थ्य सेवाको स्थान के, कस्तो छ ? र रोग हुनुका मूख्य कारणहरूको बारे संक्षिप्तरुपमा बौद्ध साहित्यमा उल्लेखित अनुसार प्रस्तुत गर्दछु । बुद्धधर्मले मानिसहरूको ५ प्रकारका सम्पत्ति उल्लेख गर्नु गरिएको छ जसमध्ये स्वास्थ्य पनि एक हो । अन्य ४ प्रकार सम्पत्ति १) **नाता कुटुम्ब**,२) **धन-सम्पत्ति**, ३) **चरित्र**, ४) **सम्यक दृष्टि हुन्** ।

महाकारुणिक तथागत शाक्यमुनि सम्यक सम्बुद्धले बहुजन हित, सुख र कल्याणको लागि ४५ वर्षसम्म निरन्तररुपमा लौकिक र लोकोत्तर शिक्षाको उपदेश दिनुभएको छ । उहाँको धर्मउपदेशको मूल लक्ष्य सम्पूर्ण साँसारिक दु:ख बन्धनबाट मुक्त भई निर्वाण प्राप्त गर्नु हो । निर्वाण प्राप्त गर्नको लागि राग, द्वेष र मोहबाट सम्पूर्णरुपमा मुक्त हुनु अनिवार्य छ । तर बुद्धले निर्वाण जस्तो गहन विषयमा सर्वसाधारणलाई बताउनु हुन्नथ्यो । किनकि निर्वाण भनेको चित्तको विशेष शुक्ष्म अध्ययन र प्रतीत्यसमुत्पाद् नामरुप धर्म जस्ता लोकोत्तर शिक्षाको अभ्यास गर्नु भनेको साधारण कुरा होइन । तसर्थ बुद्धले सर्वसाधारणलाई वर्तमान जीवन तथा गृहस्थी जीवन सुखी बनाउनेको लागि नभई नहुने आधारभूत आवश्यकता अर्थात चर्तुप्रत्यय (खाना, वस्त्र, वासस्थान र गिलानप्रत्यय (औषधी) को महत्त्व तथा नैतिक, आर्थिक, स्वास्थ्य शिक्षा र सामाजिक सुधार जीवनयापनका पक्षहरूमा विशेष जोड दिनु भएको कुरा बोद्ध साहित्यमा उल्लेख गरिएको छ । जुन उपदेशलाई लौकिक शिक्षा भनिन्छ ।

भगवान् बुद्धले प्रथम धर्मचक्र प्रवर्तन सारनाथमा पञ्चवर्गीय भिक्षुँहरूलाई चार आर्यसत्यको देशनाकोरुपमा पहिलो सत्य "दु:खसत्य" अर्थात ८ प्रकारका दु:ख सत्यको व्याख्या गरी यसरी भन्नुभएको छ -"**भिक्षुहरू ! १) जन्मनु दु:ख, २) प्रिय वियोग दु:ख, ३) अप्रिय संयोग दु:ख, ४) बृद्धवस्ता हुनु दु:ख, ५) रोगव्याधि दु:ख, ६) मृत्यु हुनु दु:ख, ७) इच्छानुसार पूरा नहुनु दु:ख र सङ्क्षेपमा ८) पञ्चउपादानस्कन्ध शरीर धारण गर्नु नै दु:ख हुन्** ।" माथी उल्लेखित आठ प्रकारका दु:खसत्यहरूमध्ये वृद्धावस्थाको विषयमा बुद्धले धम्मपदको जरावर्गमा भन्नु भएको छ -"**जीरन्ति वे राजरथा सुचिता, अथो सरीरम्पि जरं उपेति** ।" **अर्थात- सुसज्जित राजाको रथ जीर्ण भएर गए झै यो देह (शरीर) पनि जीर्ण भएर जान्छ** । वृद्धावस्था हुनु भनेको नै शरीर जीर्णवस्था हो । वास्तवमा शरीर एकप्रकार रोगव्याधिरुपी घर हो । शरीरमा कुन रोगले कहिले कुनरुपमा सताउँछ त्यो भन्न सक्दनौं । कुनै न कुनै बेला रोगलाई आत्मसात गर्नुपर्ने हुन्छ अथवा मानवीय स्वभाव धर्मको रुपमा

स्वीकार गर्नुपर्ने बाध्यता हुन्छ। रोगले सन्यासी, राजामहाराजा, धनीगरीब, बच्चा, युवा, बुढो, विद्वान, मूर्ख, डाक्टर, चिकित्सक भनेर कसैलाई पनि छाड्दैन। रोगले ग्रसित भएपछि अन्तमा जीवन मृत्युसम्म हुन्छ। बुद्ध स्वयं पनि अस्वस्थको अनुभूति हुनुहुन्थ्यो। एक पटक भगवान् बुद्धको गाथमा विसञ्चो भएको बेलामा उहाँको समकालिन वैद्य जीवकले उहाँलाई औषधीयुक्त कमलको फुल सुघाई ३० पल्ट बिरेचन गराएका थिए।

बौद्ध त्रिपिटकको संयुत्तनिकाय अन्तर्गत "**आसीविसोपम सूत्र**"मा उदृत अनुसार बुद्धले हाम्रो शरीरमा भएको पृथ्वी, आपो, तेजो, वायो यी चार महाभूतलाई उग्रतेज भएका ठूला विषधारी चार सर्पहरू समान भनीएको छ। ती सर्पहरूलाई बेला बखतमा ब्यूँझाउनु, बेला बखतमा स्नान गराउनु, बेला बखतमा खुवाउनु र बेला बखतमा भित्र राखी दिने गर्नु। यदि यी चारजना मध्ये कुनै एउटाले डसेमा मात्रै भने पनि अत्यन्त पीडा हुन्छ कि त मरणान्त हुन्छ भनी उपदेश दिनुभएको छ। यस उपदेश अनुसार रोग, व्याधी र मृत्यु वास्तवमा यी चार महाभूतको प्रकोपको कारणबाट हुने बोध गराउँछ। बुद्धले पण्डितजनहरूले पनि थाहा पाउन नसक्ने ५ कुराहरू भन्नु भएको मध्ये-**रोगहुने समय** एक हुन् भने अन्य चार-"१) **बाँच्ने आयु** २) ३) **मृत्यु हुने समय**, ४) **मृत्यु हुने स्थान**, र ५) **मृत्युपछि जन्म लिने गति**" हुन्।

भनिन्छ १) **गरीबी**, २) **ऋणी**, ३) **दासदासी**, ४) **मूर्ख** र ५) **रोगी** यी ५ प्रकारका मानिसहरू बाँचिरहेता पनि मृत्यु समान हुन। यस अर्थमा मृत्यु समान रोगी जीवन बिताउनु अभिशाप हो भने निरोगी जीवन बरदान हो। तसर्थ, सुस्वास्थ्य एउटा आवश्यकता हो जुन बिना कसैको जीवन सुखी हुन सक्दैन्,धनी-गरीब, राजा, महाराजा, सन्यासी, पण्डित र विद्धतवर्ग नै होस्।

निरोगी जीवन हुन भगवान् बुद्धले निम्न ६ वटा नियमहरू पालन हुनुपर्ने आज्ञा गर्नुभएको छ, १) **उचित आहार खानुपर्दछ**, २) **बसोबास उचित स्थान हुनुपर्दछ**, ३) **बस्ने ठाउँमा रोगीहरू, झगडालुहरू हुनु हुँदैनन्**, ४) **हावापानी अनुकूल हुनुपर्दछ**, ५) **आफूसित बस्नेहरूको र आफूसित विचार मिल्नुपर्दछ** र ६) **सरसफाइ हुनुपर्दछ**। बुद्धले स्वास्थ्य लाभका मुख्य कारणहरू सकारात्मक एवम् स्वच्छ भावना, सरसफाई र स्वच्छ पिउने पानीको व्यवस्थालाई विशेष महत्त्व दिनुभएको छ। उदाहरणकोरुपमा उहाँले भिक्षुहरूलाई नित्य कर्मको रुपमा आफ्नो स्थान (विहार) मा सरसफाईको लागि कुचो लगाउनु पर्ने नियम बनाउनुभयो। त्यस्तै भिक्षुहरूलाई ग्रहण गर्न योग्य आठवटा वस्तु अर्थात अष्टपरिष्कार मध्येका एउटा **परिस्सावन** (पानी छान्ने कपडा) आफ्नो साथमा राख्नुपर्ने नियम दिनुभएको छ। कुचो लगाउनु सर-सफाईको दृष्टिकोणले मात्र नभई शरीरको परिश्रम र व्यायामको लागि पनि बनेको नियम थियो। माथी उल्लेखित बुद्धले निर्देशन गर्नुभएका स्वास्थ्य सम्बन्धी नियमहरू भिक्षुहरूको लागि मात्र नभई प्रत्येक व्यक्तिको स्वास्थ्य चेतना जागनुको लागि पनि पालन गर्नु जरुरी छ।

बौद्ध साहित्यमा मुख्यत: ४ प्रकारका रोग उल्लेख गरिएको छ १) **ऋतुरोग**-गर्मी, ठण्डी अनुकूल मौसम वातावरणको प्रभावबाट हुने रोग, २) **आहारा रोग**- खानपिनबाट हुने रोग, ३) **मानसिक अथवा चित्त रोग**-मनले इच्छा गरेको काम नहुनु वा नचिताएको घटनाबाट हुने रोग ४) **कर्मरोग**-पूर्व जन्मको संस्कारबाट भोग्नु पर्ने रोग। ती जस्तो प्रकारको रोग लागेता पनि रोग निवारणार्थ कुनै न

कुनै उपाय त अपनाउनुपर्ने हुन्छ वा वैद्य, डाक्टर देखाउनु आवश्यक हुन्छ, अस्पताल धाउन्नुपर्छ साथमा औषधीको पनि आवश्यकता पर्दछ । शारीरिक रोगलाई निको पार्न औषधी छ । तर मानसिक रोगको लीग औषधी छैन । मानिसहरू स्वयं आफ्नो लापरवाहीले गर्दा नै मानसिक तथा शरीरिक अवस्थाको शिकार भैइरहेका हुन्छन् अथवा स्वयं आफैले अज्ञानवश रोगलाई निम्त्याईरहेको हुन्छ । वास्तवमा भन्नु पर्दा चिकित्सक वा अस्पताल बढाउनुभन्दा रोग किन र कसरी हुन्छ भन्ने कारणको खोजी गर्नु महत्त्वपूर्ण तथा वाञ्छनीय छ ।

भगवान् बुद्धले रोगबाट मुक्त हुनको लागि तीन चीजहरूको आवश्यकता छ भनी बौद्ध साहित्य अंगुत्तर निकायमा भन्नु भएको छ ती हुन् १) **उचित आहार**, २) **उचित औषधी**, ३) **स्नेहीसेवक** । रोग निवारणको लागि यी ३ चीज अलावा रोगी सेवक अथवा वैद्य, चिकित्सक, डाक्टरमा निम्न ५ गुणहरू हुनुपर्ने शिक्षा दिनुभएको छ - १) **औषधीको ज्ञान**, २) **आहार र औषधी राम्रोसँग खुवाउने ज्ञान**, ३) **सेवा भावना**, ४) **घृणा नगरी सफा गर्ने बानी** र ५) **बिरामीलाई उत्साहित पार्न सक्ने गुण** । त्यस्तै रोगबाट मुक्ति पाउनको लागि रोगीमा पनि निम्न ५ गुणहरू हुनुपर्ने बताउनुभएको छ १) **अनुशासन**, २) **उचित आहार सेवन**, ३) **औषधी सेवन**, ४) **रोग नलुकाउने बानी** र ५) **नआँटिने गुण** । यसै सन्दर्भमा अमूल्य मानव जीवनलाई सधैं रोगबाट मुक्त पाउन अथवा सुस्वास्थ बनाई आयु बढाउनको लागि निम्न ५ वटा गुणहरू जीवन अभ्यास गर्नु अति आवश्यक छ भनी बुद्धले आज्ञा गर्नुभएको छ । ती हुन् १) **खान हुने चीज सेवन गर्नु**, २) **खानाको मात्रा ज्ञान हुनु**, ३) **राम्रोसँग पकाएको खानु**, ४) **व्यायाम गर्नु** र ५) **ब्रह्मचर्य(असल जीवन) हुनु** । ती बुद्धको उपदेशले मानिसहरूको शरीर र मनलाई स्वस्थ हुन प्रेरणा दिएको छ ।

समाजमा मानिसहरू भौतिक सुख-सुविधा, धन-सम्पत्ति, मान-इज्जत, पद, विद्या इत्यादि लाभको लागि मरिमेट्छन् । तर वास्तविक परम लाभ के हो भन्ने विषयमा कमैले सोचेको हुन्छ । साँच्चै मानव जीवनको परम लाभ के होला ? बुद्धधर्मले निम्न चार विषय वस्तुहरूलाई मान्यता दिनुभएको छ -१) सबभन्दा ठूलो रोग- **भोग**, २) सबभन्दा ठूलो लाभ-**निरोगी**, ३) सबभन्दा ठूलो मित्र- **विश्वास** र ४) सबभन्दा ठूलो सुख-**निर्वाण** । ती चार विषय वस्तुहरूमा निरोगी हुनु नै भगवान् बुद्धले "**आरोग्य परमा लाभा**" अर्थात "**निरोगी हुनु परम लाभ हो** ।" भनी भन्नुभएको हो । बुद्धको अनुभव र भनाइअनुसार मन नै मुख्य कुरा हो । किनकी जुनसुकै अवस्था या कुरा पहिले मनमा उत्पन्न हुन्छ । मन शुद्ध भई चिन्ताबाट मुक्त भएमा निरोगी जीवन बिताउन सकिन्छ । तसर्थ, बुद्धको उक्त उपदेशलाई हामी सबैले मनन गर्नु जरुरी छ । हुन पनि यदि निरोगी भएनौं वा स्वास्थ्य राम्रो छैन भने न त धन आर्जन गर्न सकिन्छ, न त धर्मकर्म, परोपकार सेवा कार्य नै गर्न सकिन्छ । कुनै पनि काम गर्न असमर्थ हुन्छ । जो व्यक्ति अस्वस्थ वा रोगी छ भने धन जतिसुकै सम्पत्ति भए पनि उसको त्यो धन आफ्नो स्वास्थ्यको उपचारमा खर्च गर्दागर्दै सिद्धिन्छ अनि अन्तमा उसको जीवनलीला पनि समाप्त हुन्छ । त्यसकारण स्वास्थ्य लाभ हुनु मानव जीवनमा पहिलो अपरिहार्य पक्ष हो ।

त्यसैले भनिन्छ- **स्वास्थ्य नै धन हो, स्वास्थ्य नै जीवन ।**

स्वास्थ्य बचाऔं, जीवन सुखी बनाऔं ।

'गौतम बुद्धका समकालीन भिक्षुहरू' भाग १ पढ्दा

✍ विष्णुगोपाल कुसी

गौतम बुद्धका समकालीन भिक्षुहरू (भाग १) बौद्ध लेखक कृष्णकुमार प्रजापतिको यो अर्को महत्त्वपूर्ण कृति हो । यस पुस्तकमा अर्हत् गुण भएका सयौं भिक्षुहरूमध्ये पाली साहित्यमा प्रसिद्धि पाएका १२ जना बुद्धकालीन भिक्षुहरूको सङ्क्षिप्त जीवनचर्या र देनको चर्चा गरिएको छ । पुस्तकमा उल्लेखित बुद्धका समकालीन भिक्षुहरूको प्रेसक प्रेरङ्ग, अनुभूतिको सार सङ्क्षेपमा दिएर लेखकले बुद्धको शिक्षा, उपदेश राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउने काम गरेका छन् । बुद्ध धर्म, शिक्षा, उपदेश तथा समकालीन भिक्षुहरूलाई जनताको घर आँगनमा पुऱ्याउने काम एक बौद्ध मार्गी, बौद्ध लेखक तथा अनुसन्धानकर्ताको जिम्मेवारी पनि हो ।

यस धर्तीमा यस्ता महान व्यक्ति, महामानव, दार्शनिक, सिद्धान्तकार, पथप्रदर्शक, दूरदर्शी विद्वानहरू जन्मे जसले संसारलाई बाटो देखाए । उनीहरू अमर बने । उनीहरूले व्यवहार र अनुभवबाट सिकेर सिद्धान्त बनाए, दर्शन छाँटे । समस्याको कारण पत्ता लगाई उपदेश या अर्ती बाँडे । मान्छेको सुख, शान्ति र मुक्तिको निम्ति पदचिन्ह छाडेर गए । यसरी पदचिन्ह छाडेर जाने महान व्यक्तिहरूमा गौतम बुद्ध पनि एक थिए । उनकै छाप र प्रभावले अरु हजारौं हजार बुद्धकालीन भिक्षुहरू जन्मे र बुद्धको ज्ञान, गुण, शिक्षा, बाटोलाई अगाडि बढाएर बुद्धलाई संसारभरि चिनाए, चिनाउन सहयोग गरे ।

यसरी पदचिन्ह छाडेर जाने अगुवा गौतम बुद्धले नेपाललाई जन्मभूमि र भारतलाई कर्मभूमि बनाए । इसापूर्व ६२३ पूर्णिमाको दिन जन्मेका सिद्धार्थ इसापूर्व ५९४ असार पूर्णिमाका दिन गृहत्याग गरे र इसापूर्व ५८८ मा बुद्धत्व प्राप्त गरे । बहुमत जनताको हित

र सुखको सारलाई मूर्तरुप दिन, अर्थ र मर्मलाई व्यवहारमा उतार्न ४५ वर्षसम्म सम्बोधि ज्ञानलाई अन्तर्राष्ट्रिय समुदायमा पुऱ्याएर इ.पू ५४३ मा कुशी नगरमा पूर्णिमाकै दिन महापरिनिर्वाण गरे। यसरी लुम्बिनीको खुला आकासमा जन्मेर, बुद्धगयाको बोधि वृक्षमुनिकै खुला आकासमा बुद्धत्व प्राप्त गरेर कुशीनगरको खुला आकासमै महापरिनिर्वाण गर्ने गौतम बुद्ध संसारमा चिनिरहे, चिनिरहने छन्।

भिक्षु कौण्डिन्य

कौण्डिन्य बुद्धको प्रथम धर्मचक्र प्रवर्तन गर्ने भिक्षु हुन्। उनी ज्योतिषाचार्य हुन् जसले बुद्धको भविष्य हेरेका थिए। कपिलवस्तुको नजिकै जन्मेका कौण्डिन्य बुद्धको सही दिशामा लाग्ने उनी एक सक्षम, योग्य, कुशल, कर्मठ र इमानदार भिक्षु थिए। उनले सिद्धार्थलाई बुद्ध हुने भविष्यवाणी गरे र साँच्चै भए। आफूले प्राप्त गरेको बोधिज्ञान 'धर्मचक्र प्रवर्तन सूत्र'बाट पहिलो पटक लामान्वित हुने प्रथम भिक्षु कौण्डिन्य पछि मर्मस्पर्शी बने। बुद्ध साधनारत हुँदा दुर्वल भएर ढले पनि आहार ग्रहण गर्न भिक्षाटन जाँदा चिढिएका र आक्रोसित बनेका कौण्डिन्यलाई प्रथम धर्मचक्र प्रवर्तन सूत्ररुपी उपदेश दिएपछि उनी दिशाबोध भए। उनीबारे बुद्धले भने -सर्वप्रथम मेरो धर्म सम्झने, ग्रहण गर्ने ज्ञानी कौण्डिन्य सर्वश्रेष्ठ भिक्षु हुन्।

भिक्षु यश

बुद्ध धर्ममा प्रदेश गर्ने छैठौं भिक्षु हुन् यशकुमार। सुख सुविधामा कुनै कमी नभएका उनी शान्ति पाउन, अस्थिरता र उदासिनताबाट मुक्ति पाउन गृहत्याग गरेका अर्का त्यागी भिक्षु हुन्। छटपटिरहेका यशकुमारलाई बुद्धले अनेकानेक उपदेशमूलक कथा सुनाएर, धर्मबोध गराएर मन स्थिर बनाए। यशकुमारको मन स्थिर र धर्मबोध भएपछि बुद्धले विमुक्ति मार्गको धर्मोपदेश दिए। बुद्धको धर्मोपदेशबाटै उनको माता र पत्नी पनि प्रथम बौद्ध उपासिका बने। मानसिक शान्ति र स्थिरता सही मार्गबाट प्राप्त हुने कुरा भिक्षु यशले सिके।

काश्यप बन्धु

प्रसिद्ध साधकमा गनिएका काश्यप बन्धु यौवनावस्थामै गृहत्याग गरेर नदी किनारको आश्रममा बसेका थिए। उनले आफूसँगै सयौं अनुयायीहरूलाई धर्मोपदेश गरी प्रवर्ज्या र उपसम्पदा प्रदान गरी काश्यप आफ्ना सयौं शिष्यहरूसहित सङ्घमा प्रवेश गरे। भनिन्छ, त्यसबेला सङ्घमा १०९४ जना भिक्षुहरू भए। भिक्षु सङ्घमा सामेल भएपछि बुद्धले उपदेश दिए-जसले यथार्थ अनित्यतालाई देख्छ उसलाई निर्वेद प्राप्त हुन्छ। निर्वेद प्राप्त भएपछि ऊ आरामक्तिरहित हुन्छ। आरामक्तिरहित भएपछि ऊ विमुक्त हुन्छ। काश्यपको योगदानको कदर गर्दै भिक्षुहरूको धर्मसभामा बुद्धले भने, काश्यप महान समुदायको प्रमुखका पनि प्रमुख हुन्।

भिक्षुकालदायी

गौतमबुद्ध जन्मेकै दिन कपिलवस्तुमा जन्मिएका भिक्षु कालुदायीको बाल्यकाल सिद्धार्थ बुद्धसँगै बितेका थिए। कालुदायीका पिता राजा शुद्धोदनका अमात्य भएको हुँदा पिताको पद र प्रतिष्ठामा शुद्धोदनको आज्ञाबाट कालुदायीले अमात्य पद सम्हालेका थिए। सिद्धार्थ गौतम ले बोधिज्ञान (बुद्धत्व) प्राप्त गरेपछि बुद्ध भएको घोषणा गरी सोको प्रचार गर्न बुद्ध हजारौं भिक्षुहरूका साथ राजगृहमा बसे। बुद्ध राजगृहमा बसेको खबर राजा शुद्धोदनकहाँ पुग्यो र बुद्धलाई हेर्न उनी आतुर भए। कपिलवस्तुका जनताको ध्यान बुद्धको दर्शन गर्नेतर्फ गयो। आखिरमा आफ्नै पुत्र समानका प्रिय एवम् विश्वस्त मन्त्री (अमात्य)

कालुदायीमार्फत दर्शन गर्ने अवसर मिल्यो । बुद्धलाई कपिलवस्तु पदार्पण गराउन भिक्षु कालुदायी सफल भए र उनी बुद्धलाई यात्रा गराउने सफल भिक्षु बने । यसरी कपिलवस्तुका जनता र राजा शुद्धोदनलाई बुद्धको दर्शन गराउने काममा कालुदायीको उल्लेखनीय योगदान रह्यो ।

अग्रश्रावक सारिपुत्र

बुद्धकालीन राजगृहसँगै रहेको नालक ग्राममा जन्मेका सारिपुत्र एक अनुशासित, करुणाशील, सहनशील अग्रश्रावक हुन् । शान्त स्वभाव, शिष्ट बोलीवचन र शुभद्र व्यवहार गर्ने उनी भिक्षु असाजित(अश्वजित) बाट प्रवर्जित भए । सारिपुत्र अत्यन्तै प्रत्युत्पन्नमति (ठीक समयमा सही जवाफ दिनसक्ने क्षमता भएका) व्यक्ति थिए । उनी महापुरुष थिए । बुद्धले उनलाई 'अनुबुद्ध' भनेका थिए । सारिपुत्र बुद्धकै मेरुदण्ड मानिन्छ । बुद्ध कपिलवस्तुमा जाँदा सारिपुत्र र मौद्गल्यायननाई पनि लगेको थियो ।

महाश्रावक मौदगल्यायन

सारिपुत्र जन्मेकै दिन जन्मेका महाश्रावक मौद्गल्यायन बुद्धपछि धर्मोपदेश गर्नेमा पहिलो सारिपुत्र र दोस्रो मौद्गल्यायन हुन् । बुद्ध धर्म र बुद्धज्ञानका दीक्षित उनी कुशल र सिपालु थिए । फलत: उनले बुद्धबाट प्रधान शिष्यको पदवी पद पाए । बुद्धका दुईजना प्रधान धर्म सेनापतिमा मौद्गल्यायन र सारिपुत्र नै थिए । उनीहरू जुनसुकै कठिन प्रश्नको जवाफ चित्तबुझ्दो ढङ्गले दिनेसक्थे । यी द्वय अग्रश्रावकहरूको पूर्ण विश्वासमा भर परेर बुद्धले भिक्षु सङ्घलाई स्थिर राख्न र पवित्र बनाउन अधिकार दिए । यो मौद्गल्यायन महास्थविरको क्षमता र योग्यताको कदर हो । उनी राहुलको प्रवर्चनमा आचार्य बनेका थिए भने सारिपुत्र उपाध्याय बनेका थिए ।

पिप्पली कुमार संगायनाध्यक्ष महाकाश्यप

पिप्पलीकुमार नै महाकाश्यप हुन् । बुद्धले पिप्पलीलाई उपसम्पदा गरी भिक्षु सङ्घमा पदार्पण गराउँदा महाकाश्यक नाउँ राखेका हुन् । महाकाश्यप वैवाहिक जीवनमा बाँधेपछि आफै पत्नीसँगै ब्रह्मचर्य पालन गरी वैरागी जीवन बिताएका थिए । एउटै चिन्तन, एउटै सोच र संयोगको परिघटना मिलेका दुवै जनाले एकै दिन एकै पटक गृहत्याग गरे । बहुलाक्षणिक, विचारोत्तेजकका कारण महाकाश्यपको उपदेशबाट मानिसहरू बुद्धधर्मबारे तुरुन्तै बुझ्थे । त्यही भएर बुद्धले उनलाई 'चन्द्रमा' उपाधि दिए । बुद्धको साथमा उनी पनि राजगृह नगरमा भिक्षाटनमा गए । वर्षावासको समयमा सयौं भिक्षुहरूको सहभागितामा धर्म विनयको प्रथम संगायन भएको थियो । त्यस प्रथम धर्म विनयका संगीतिलाई थेर संगीत वा थेरवादबाट भनिन्छ । उनी कट्टर परम्परावादी र अपरिवर्तनवादी थिए ।

कात्यायन स्थविर

सिद्धार्थ गौतम जन्मेकै दिन जन्मेका कात्यायन एक पुरोहित पनि थिए । कात्यायनका पिता उज्जैनका राजा चण्डप्रद्योतका राजपुरोहित थिए । पिताको मृत्युपछि कात्यायनलाई पुरोहित बनाइएको थियो । राजा चण्डप्रद्योतको जन्म पनि बुद्ध जन्मेकै दिन भएको थियो । बुद्धबाट देशना गरिएको सङ्क्षिप्त उपदेशलाई पनि व्याख्या विश्लेषण गर्ने खुबी थिए उनमा । उनी बहुश्रुत, पण्डितमात्र होइन प्रज्ञावान थिए ।

राहुलकुमार

राहुल सिद्धार्थ गौतम र राजकुमारी यशोधरादेवीको कोखबाट जन्मेका सुपुत्र हुन् । १६ वर्षको उमेरमा वैवाहिक जीवन बाँधेका गौतमको १३ वर्षपछि पुत्रको जन्म भएको हो । राहुल जन्मेकै राति असार पूर्णिमाको दिन उनले गृहत्याग गरे । नवजात

शिशु, मातापिता र दरबार त्यागेपछि राजा शुद्धोदन र रानी प्रजापतिको दरबारमा रुवावासी भएको थियो। सम्बोधिज्ञान (बुद्धत्व) प्राप्त गरेपछि देशदेशान्तर घुमेर उनी काश्यपबन्धुहरूलाई प्रवर्जित गरी राजगृह हुँदै कपिलवस्तुमा प्रवेश गरेका थिए। बुद्ध पहिलो पटक आफ्ना शिष्य भिक्षुहरूसँग भिक्षाटन गर्न कपिलवस्तु छिर्दा राजा शुद्धोदन चकित भए। उनले आफ्नो वंशमा कहिल्यै नभएको, नगरिएको भिक्षाटन देखेर भोजनको व्यवस्था गर्ने बताए तर बुद्धले मेरो क्षेत्रीय वंश होइन बुद्धवंश हो भिक्षाबाटै आश्रित र निर्भर हुने बताए। आज्ञाकारी एवम् शिक्षाकारी राहुल कुमारलाई अग्रश्रावक सारिपुत्रले प्रवर्जित गरेका थिए। राहुल कुमारको प्रवर्ज्यापछि उनलाई मार्ग निर्देश गर्न बुद्धले कैयौं सूत्रहरूको धर्मोपदेश गरे। धर्मोपदशेपछि राहुलको चित्त आश्रवबाट विमुक्त भयो।

भिक्षु नन्द महास्थविर

बुद्ध र नन्दका पिता कपिलवस्तुका नरेश शुद्धोदन हुन्। नन्दको जन्म शुद्धोदनका कान्छी महारानी प्रजापति गौतमको कोखबाट भएको थियो। जेठी रानी मायादेवी र कान्छी प्रजापति साखै दिदी बहिनी हुन्। सिद्धार्थ जन्मेको सात दिनमै आमाको देहान्त भएपछि सिद्धार्थको पालनपोषण गर्न बुद्धले प्रजापतिसँग विवाह गरे। चाहना नभएपनि बुद्धको मन राख्न नन्दले प्रवर्ज्या गरे। नन्दले आफ्नो बाल्यकाल र अध्ययन बुद्धसँगसँगै गरे। नन्दको विवाह जनपद कल्याणी नन्दाको साथमा भइरहेको दिन बुद्धले नन्दलाई प्रवर्जित गरे। शाक्यानी जनपद कल्याणी नन्दाले आफ्ना पति फर्केर आउने नभएपछि नन्दा पनि आफ्नी सासू प्रजापति गौतमकहाँ गई प्रवर्जित भइन्। प्रवर्ज्यापछि नन्दलाई उनको चित्तलाई शान्त पार्न बुद्धले अनेक ज्ञान दिई आफूप्रति मोहित पारे।

भिक्षु राष्ट्रपाल

बुद्धको उपदेशबाट सन्तुष्ट हुने भिक्षुहरूमा युवक राष्ट्रपाल पनि एक थिए। बुद्धको उपदेश सुनी ग्रामवासीहरू आ-आफ्नो घर फर्के तर राष्ट्रपाल फर्केनन्। उनी बुद्धको बन्दना गरी आफूलाई प्रवर्ज्या र उपसम्पदा गर्न आग्रह गरे। तर बुद्धले आमाबाबुको अनुमति विना प्रवर्जित नगर्ने बताएपछि उनी आमाबाबुको शरणमा गए र अनुमति मागे। कहिले दुःख कष्ट, पीडा नदेखेको छोरालाई बेघरबार बनेर दुःख नदिने बताए। राष्ट्रपालले मन थाम्न सकेनन् र उनले भने- म या त प्रवर्जित भएर भिक्षु बन्नेछु या त नमरुन्जेल केही पनि नखाइकन यही पल्टेर बस्नेछु। नखाइकन बसेपछि आहार गर, सुखसँग जीवन बिताउन आग्रह गरे पनि केही दया नचलेपछि राष्ट्रपालका साथीहरूमार्फत सम्झाउने प्रयास भयो। जिद्दी स्वभावकी राष्ट्रपालले साथीहरूसमक्ष पनि पहिलेकै कुरा दोहोऱ्याए। अन्ततः मर्नुभन्दा भिक्षु हुनु नै ज्ञानी सम्झेर आमा बाबुले प्रवर्जित हुन अनुमति दिए। त्यसपछि बुद्धले प्रवर्ज्या र उपसम्पदा गराए। पछि आमाबाबुकै अनुमतिबमोजिम उनको भेट भयो। आफ्नो पुत्र भिक्षु भई भिक्षाटन गर्न आउँदा सुरुमा आमाबाबुले चिनेनन्। केही दान पाइएन। राष्ट्रपाल भिक्षुकी आमालाई एक नोकर्नीले छोरा राष्ट्रपाल आएको बताएपछि आश्चर्य चकित भइन् र तुरुन्तै घर जान आग्रह गरे। सुरुमा घरमा जाँदा दान र सत्कार नपाएको देखेपछि भोजन गर्न आग्रह गर्दा उनी घर आउन र भोजन गर्न मानेनन्। आफ्नो घर छैन र भोजन अघि नै गरिसकें भनी राष्ट्रपाललाई आमन्त्रण गरेको दिन भोजन खुवाउन लागदा बुबाले धनसम्पतिको लोभ देखाएर सुख सयलको जीवन बिताउन अनुनय विनय गरे। राष्ट्रपालले जवाफमा धनसम्पतिको काम छैन, गंगा नदीमा फाल्न

आग्रह गरे। गृहस्थी काम सम्झाउन आएकी पत्नीलाई 'बहिनी' भनी सम्बोधन गरेपछि उनी बेहोस भइन्। घर परिवारका सदस्यहरूले अनेक प्रश्न तेरचोएपछि राष्ट्रपालले भने- बेकारको हैरान दिनुभन्दा भोजनको बन्दोबस्त छ भने दिनुस्। भोजन सकेपछि उनी आफ्नै बाटोमा लागे। यसरी धन सम्पति त्यागेर बुद्धज्ञानमै अर्पित भएर लागे।

सञ्जय परिब्राजक

अर्का बुद्धकालीन भिक्षु सञ्जय परिब्राजक एक असफल भिक्षु हुन्। उनले आफ्ना शिष्यहरूलाई चित्त बुझाउन सकेनन्। शिष्यहरूले थप ज्ञान दिन चासो राख्दा अरु मलाई थाहा छैन भनी उनी पन्छाउँथे। त्यसको कारण उनको परिषद्मा फुट भयो र आफ्नो आश्रम नै रित्त भयो। उनका शिष्यहरू उपनिस्स र कोलित पनि आफ्ना गुरु परिब्राजक छोडेर बुद्धको शरणमा गए। परिब्राजक गणका अरु शिष्यहरू पनि आफै धर्मसभामा लागे। एक भिक्षु भएर पनि उनले बुद्ध धर्म, बुद्धको शिक्षा र ज्ञान बौद्धमार्गीहरूलाई खासै दिन सकेनन्। सारमा उनी असफल भिक्षु सावित भए।

भिक्षु अनुरुद्ध

भिक्षु अनुरुद्ध शुद्धोदनका कान्छा भाइ सुक्कोदनका कान्छा छोरा हुन्। कान्छा छोरा भएकाले घरको कुनै कामको जिम्मेवारी नलिई उनको आनन्दपूर्वक जीवन बितिरहेको थियो। घर खेतको सबै काम कान्छा भाइलाई दिएर दाजु महानाम प्रवर्जित हुन चाहन्थे। तर भाइले गृहस्थीको काम सम्हाल्न नसक्ने बताएर आफू नै प्रवर्जित हुने इच्छा व्यक्त गरे। जिद्दी गरेपछि आमाका अनुमतिपछि उनले प्रवर्जित भए। उनी समतामूलक, श्रमण परम्परायुक्त साधिक जीवन यापन गर्न थाले। जातिपाति, छुवाछूत भेदभावहीन सङ्घमा बसेर काम गरेपछि उनीहरूमा मानवकृतमिथ्या धारणा, मिथ्या गर्व र घमण्ड नास भयो। अनुरुद्धले बुद्धको पवित्र वाणीमा भिक्षु श्रावकहरूमा पाँचौं स्थान प्राप्त गरे। उनलाई बुद्धको हृदय पनि भनिन्छ। कुशीनगरमा बुद्ध महापरिनिर्वाण हुँदा अनुरुद्ध त्यहा थिए।

भिक्षु अंगुलिमाल

राजा (कोशल नरेश) प्रसेनजितका राजपुरोहित भार्गव र मैत्रायणीको छोराको नाम हो अंगुलिमाल। प्रसेनजितको मनमस्तिष्कमा अहिंसाको संवेग (भावना) उत्पन्न भएको हुँदा उनको नाम अहिंसक राखिएको थियो। उनी मेधावी, कर्णप्रिय र मृदुभाषी थिए। विद्यालय जीवनमा उनी अध्ययनशील, अनुशासित, आज्ञाकारी, सदाचारी, सत्यवादी र लगनशील थिए। गुरुले उनलाई अति माया गरेका हुनाले सीमा क्षेत्र नाघी आमाप्रति कुदृष्टि राख्ने र गुरुको घर दूषित राख्ने प्रयास गरेको विद्यार्थीहरूले बताए। तर आज्ञाकारी अहिंसकले त्यस्तो कुनै दुष्कार्य गर्न नसक्ने भन्दै विद्यार्थीलाई गुरुले हप्काए। धेरै विद्यार्थीहरूको गुनासो आएपछि गुरुले दिमाग खुम्च्याउन थाले र उनीप्रति शङ्का गर्न थाले। पछि अहिंसकले मान्छे मार्न थाले। त्यसपछि उनी हिंस्रक, ज्यानमारा र डाँकु अंगुलिमालबाट चिनिन थाले। सयौं व्यक्तिहरूको हत्या गर्न पछि नपर्ने उनी आफ्नै आमालाई बाँकी नराख्ने सुरमा थिए।

एकादिन सही र गतिलो उपदेश पाएमा जीवनमा मुक्ति पाउने विश्वास लिदै बुद्धले अहिंसकलाई सम्झे। अंगुलिमालको अत्याचार र दमन देखेर बुद्ध उनलाई शान्त पार्न जङ्गल गए। बुद्धले ऊसँग भेट गरी सम्झाए। कोशल नरेश प्रसेनजितले हजारौं सेनाबाट दमन गर्न नसकेका अंगुलिमाललाई बुद्धले अनेक उपदेशमूलक ज्ञान दिई जीवन मुक्ति तुल्याउने

काम गरे । यसरी बुद्ध एक खुँखार हत्यारालाई भिक्षु बनाउन सफल भए । विनादण्ड, विना अस्त्रसस्त्र, विनापाशविक यातना बुद्धले राजासामु एक भिक्षुको भेषमा उभ्याउँदा राजा अचम्ममा पर्नु स्वाभाविक हो ।

यसरी सिद्धार्थ गौतमले धेरै भिक्षुहरू तयार गरे । बुद्धशिक्षा दिए र शान्तिको बाटो छर्ने काम गरे । मान्छेमा काम गर्ने दृढ इच्छा शक्ति भएमा गर्न नसकिने होइन । खराबलाई असल, दुर्जनलाई सज्जन, बेइमानलाई इमानदार, स्वार्थीलाई नि:स्वार्थी बनाउन सकिन्छ, बनाउन अघि सर्नुपर्छ । सिद्धार्थ गौतमकै बुद्धि र ज्ञानले अल्पबुद्धि भएका क्रोधित रिसाहा भिक्षुहरूलाई ठाउँमा ल्याए । राजाका पुत्रहरूलाई समेत बुद्ध वाणी र बुद्ध शिक्षाले सुसूचित पार्ने काम भयो । सुख सयल गरी जीवन बिताइरहेका धनाढ्य परिवारका एक्लो छोरालाई पनि बुद्ध प्रवर्जित गर्न, उपसम्पदा गरेर सयौं हजारौं व्यक्तिहरूलाई उहिले नै बुद्धशिक्षा दिन सफल भए ।

कृति पढेपछि मानिस जन्मेपछि सार पाउनुपर्छ, मनुष्यत्व र मानवता प्रकट गरी सेवा गर्नुपर्छ, अनेकानेक कारण दु:ख भएपछि त्यसको समाधानको उपाय पनि रहेछ भन्ने जानकारी हुन्छ । आफूसँग भएका ज्ञान फैलाउनुपर्छ, विशाल हृदय, लगनशील, कर्मशील, श्रमवीर, इमानदार नि:स्वार्थी हुनुपर्छ भने ज्ञान छरिएको छ । बुद्धकालीन भिक्षुहरूको परिचय दिएर कृतिको उचाइ बढाइएको छ । कृतिमा १२ बुद्धकालीन भिक्षुहरूको साथै सिद्धार्थ गौतम, सिद्धार्थका छोरा राहुल र सञ्जय परिब्राजकको पनि चित्रण गरिएको छ । भिक्षु अनुरुद्ध २५ वर्षसम्म नसुतेको चर्चा पत्याउन गाह्रो हुन्छ । सयौं मान्छे मार्ने हत्यारालाई भिक्षु बनेको निहुँमा त्यतिकै छुट दिंदा त्यो कतिको निको हुन्छ र समाजमा पाच्य हुन्छ ? यो विचारणीय पक्ष छ ? सम्पतिको घमण्डी गर्नुहुँदैन । सम्पतिको धक्कु देखाएर कसैलाई दमन, शोषण गर्नुहुँदैन । तर सम्पतिले गर्दा पीडा र कष्ट भयो भनेर भएभरको सम्पति नदीमा फाल्नुपर्छ भन्नु कतिको न्यायोचित हो ? पैसाले पीडा बढ्छ, भय बढ्छ, मन स्थिर हुँदैन भनेर आय आर्जन नगरे, परीवार कसरी पाल्छ, देश विकास कसरी हुन्छ ? पैसाले पीडा दिन्छ भनेरै भिक्षु बनेको दृष्टानत दिनु यथार्थभन्दा फरक हुनसक्छ । भिक्षुहरू बाँच्न पनि आहार चाहिन्छ, भिक्षाटन जानुपर्छ । जनतासँग खान केही छैन भने भिक्षुहरूलाई कसरी आहार दिन सक्छ ?

हार्दिक बधाई

यस विद्यालयका विद्यार्थी प्रवीण थापा मगर एसईई २०७३ मा ३.९० जिपिए सहित नेशनल प्ल्यासन भक्तपुरको छात्र तर्फ सर्वोत्कृष्ट तथा एसएलसी २०७२ मा यसै विद्यालयका विद्यार्थीहरु सुस्मिता तामाङ ३.८० जिपिए र दिपना ओझा ३.८० जिपिए सहित छात्रा तर्फ सर्वोत्कृष्ट विद्यार्थी हुन सफल भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

प्रिन्सिपल एवं

पारागन एकेडेमी परिवार

कमलविनायक १०, भक्तपुर, फोन: ६६१७३६०

गतिविधि

बुद्धजयन्तीको उपलक्ष्यमा बाल वक्तृत्वकला एवं बाल बौद्ध चित्रकला प्रतियोगिता

मैत्रेय युवा संघको आयोजनामा बु.सं. २५६१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा परियत्ति विद्यार्थीहरूलाई लक्षित गरी वक्तृत्वकला एवं बाल बौद्ध चित्रकला प्रतियोगिता सम्पन्न भयो । संघका अध्यक्ष संचित बुद्धाचार्यको सभापतित्वमा पँचशील ग्रहण गरी सुरु भएको कार्यक्रममा सुलोचना कोजुले स्वागत् गर्नुभएको थियो भने प्रतियोगिताका विजयी तथा सहभागीहरूलाई प्रमुख अतिथि श्रद्धेय भिक्षु विपस्सी महास्थविरले प्रमाणपत्र तथा पुरस्कार वितरण गर्नुभएको थियो ।

चित्रकला प्रतियोगितामा आशुतोष बिल फाँजु, रोशनी आलुबञ्जार र सिम्रण फाँजु क्रमशः प्रथम, द्वितीय र तृतीय हुनुभएको थियो भने रोशन आलुबञ्जार र सरिना अवालले सान्त्वना पुरस्कार जित्नुभएको थियो । त्यसै गरी वक्तृत्वकला प्रतियोगितामा प्रज्ज्वल धुख्वा, प्रज्ञा दोङ्ग र आशुतोष बिल फाँजु क्रमशः प्रथम, द्वितीय र तृतीय हुनुभएको थियो त्यस प्रतियोगितामा श्रामणेर राजीव श्रेष्ठ र सरिना अवालले सान्त्वना पुरस्कार जित्नुभएको थियो ।

चित्रकला प्रतियोगितामा प्रशिक्षक साजन मानन्धर र वक्तृत्वकला प्रतियोगितामा लक्ष्मीचन्द्र बज्राचार्य, सत्यलक्ष्मी रंजित र संचित बुद्धाचार्य निर्णायक हुनुभएको थियो भने जमुना गोसाईले धन्यवाद ज्ञापन गर्नुभएको थियो साथै उक्त कार्यक्रममा मैत्रेय बुलेटिन पनि सार्वजनिक गरिएको थियो ।

वक्तृत्वकलामा सहभागी विद्यार्थीहरू:

१) श्रामनेर राजीव श्रेष्ठ	२) श्रामनेर राजेन्द्र तामाङ्ग
३) रन्जु तामाङ्ग	४) सरिना अवाल
५) कसिस गोठे	६) सपूत तामाङ्ग
७) सिम्रण फाँजु	८) प्रज्ज्वल धुख्वा
९) प्रज्ञा दोङ्ग	१०) आशुतोष बिल फाँजु

चित्रकलामा सहभागी विद्यार्थीहरू:

१) आशुतोष विल फाँजु	२) रोशनी आलुबञ्जार
३) सिम्रण फाँजु	४) रोशन आलुबञ्जार
५) सरिना अवाल	६) रन्जु तामाङ्ग
७) प्रज्ज्वल धुख्वा	८) कसिस गोठे
९) पूर्णिमा ध्वँजु	१०) पल्लवी थापा
११) सुप्रिया मानन्धर	१२) अनिशा खड्का
१३) सपूत लामा	१४) निर्वाणा बज्राचार्य

गतिविधि

"परियत्ति पुरस्कार वितरण सम्पन्न"

अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षा २५६० को परीक्षामा सफल भएका मैत्रेय परियत्ति केन्द्रका विद्यार्थीहरूलाई प्रमाण-पत्र र पुरस्कार वितरण गरी सम्मान गरियो । मुनि विहारका श्रद्धेय भिक्षु अर्जुनको प्रमुख आतित्थ्यमा पञ्चशील ग्रहण गरी सुरु भएको उक्त कार्यक्रममा भक्तपुरका विद्यालयबाट परियत्ति गतिविधि सम्बन्धी प्रतिवेदन पनि प्रस्तुत भयो । उक्त कार्यक्रममा एभरेष्ट स्कूल परियत्ति केन्द्रका केन्द्राध्यक्ष सुन्दर सुवाल, सनसाइन नेशनल स्कूल परियत्ति केन्द्रका केन्द्राध्यक्ष पुण्य ढकाल, ई.जी. पायोनियर स्कूल परियत्ति केन्द्रका शिक्षिका रुविना छुस्याबाग र प्रोक्सिमा इन्टरनेशनल स्कूल परियत्ति केन्द्रका केन्द्राध्यक्ष नानीछोरी खाइजुले आ-आफ्नो परियत्ति केन्द्रको गतिविधिसम्बन्धमा प्रतिवेदन दिनुभयो । मैत्रेय परियत्ति विद्यार्थीहरू श्रृजना फाँजु प्रज्ञा दोङ्ग र गंगा गोसाईले परियत्तिको महत्त्व र अनुभव सम्बन्धी मन्तव्य दिनुभएको उक्त कार्यक्रममा मैत्रेय युवा संघका अध्यक्ष संचित बुद्धाचार्यले स्वागत मन्तव्य दिनुभएको थियो । एस.इ.इ. परीक्षा २०७३ मा उत्तीर्ण भएका परियत्ति विद्यार्थीहरू मेघना श्रेष्ठ, लुनिभा चित्रकार र मनिषा मगरलाई पनि सम्मान गरिएको उक्त कार्यक्रममा बौद्ध संघका अध्यक्ष त्रिरत्न शाक्य र बौद्ध विद्वान डा. त्रिरत्न मानन्धरले पनि परियत्ति शिक्षालाई जनरुचिको शिक्षा बनाएर लानुपर्ने चुनौती रहेको र आबश्यक पनि रहेको विषयमा आ-आफ्नो मन्तव्य दिनुभयो । उक्त कार्यक्रममा रत्नायन परिवारका संघरत्न शाक्यले रु.२६,०००।- र न्हुछेकुमार लासिवाले रु.७०००।- मैत्रेय परियत्ति अक्षयकोषका लागि आर्थिक सहयोग दिनुभएको थियो । उक्त कार्यक्रममा मैत्रेय परियत्ति केन्द्रका केन्द्राध्यक्ष तिर्थराज बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

बौद्ध साहित्यिक पत्रिका 'अर्हत्'
त्रैमासिक निरन्तर प्रकाशनको हार्दिक शुभकामना व्यक्त गर्दछ ।

प्रो. रामेश्वर लाखाजू
सिद्धि गणेश सिसा फ्रेम पसल
इनाचो-६, भक्तपुर
मो.नं. ९८४१७३१२३९, ९७४१२०५०६६



हाम्रा सेवाहरू
फ्रेम एवं विभिन्न किसिमका सीसाका लागि तथा फोटोहरू कीरा, घाम र पानीबाट बचाउन फोटो लेमिनेशनको लागि सम्पर्क गर्नुहोला ।

गुलाँ पर्वया भिंज्याया लसताय् सकल मानव पिनिगु
भिंगु चेतना जागृत जुइमा धका भिन्तुना देछाय् च्वना ।

सुन चाँदीका नयाँ आकर्षक डिजाइनका गहनाहरु बनाउनु परेमा साथै सबै प्रकारका
राशी रत्न तथा पत्थरहरु चाहिएमा सम्पर्क राख्नुहोला ।

श्री गणेश ज्यासःपसः

फोन नं. ६६१०६०१ (बालाखु), ६६११६४४ (साकोथा), ६६१५८२८ (सुकुलढोका) भक्तपुर

बौद्ध साहित्यिक पत्रिका

अर्हत्

नियमित प्रकाशनमा सफलता मिलोस् भन्ने कामना गर्दछ ।

भक्तपुर इँटा उद्योग व्यवसायी संघ

जगाती, भक्तपुर

बौद्ध साहित्यिक पत्रिका

अर्हत्

नियमित प्रकाशनमा सफलता मिलोस् भन्ने कामना गर्दछ ।

भक्तपुर ट्रक व्यवसायी संघ

जगाती, भक्तपुर

बौद्ध साहित्यिक पत्रिका 'अर्हत्'
त्रैमासिक निरन्तर प्रकाशनको हार्दिक
शुभकामना व्यक्त गर्दछ।

फाइन अफसेट प्रेस

दुमचो, भक्तपुर-९, (मालपोट कार्यालय पछाडि)
मो.नं. ९८५१०६३२७५, फोन नं.६६१४४८३
Email: fop.bkt@gmail.com

डिजिटल प्रिन्ट, स्क्रिन प्रिन्ट, फ्लेक्स
प्रिन्टलगायत प्रेससम्बन्धी सम्पूर्ण कामका
लागि हामीलाई सम्झनुहोस्।

बौद्ध साहित्यिक पत्रिका 'अर्हत्'
त्रैमासिक निरन्तर प्रकाशनको हार्दिक
शुभकामना व्यक्त गर्दछ।

प्रोपाईटर: विपानन्द बज्राचार्य

डि.एन टेलर्स

इताछेँ, मिनिबस पार्क-१७, भक्तपुर
फोन नं. ६६१३१६५ (पसल)
६६११८२२ (घर) मो.नं. ९८५१०९७९३५

मौसम अनुसारको नयाँ आकर्षक डिजाईनका उच्च
स्तरीय सर्टिङ्ग सुटिङ्ग टेलरिङ्गको साथै सम्पूर्ण स्कूल
तथा कलेजका ड्रेस कपडाहरू तथा तयारी
शुटहरू उपलब्ध छ।

Shirting Suting & Tailoring Centre

एक्स्प्लोर आई.टी.

कम्प्युटर शप तथा मर्मत

सूर्यविनायक, भुलाँचा
फो. ६६१८५५९
मो:९८४१४३०६६३

Laptop, Desktop (Branded) & Accessories

नोट: होम सर्भिस तथा डेलिभरीको सुविधा

बौद्ध साहित्यिक पत्रिका 'अर्हत्'
त्रैमासिक निरन्तर प्रकाशनको हार्दिक
शुभकामना व्यक्त गर्दछ।

श्याम दहि भण्डार

चोर्चा-६, भक्तपुर, फोन नं. ६६१८१४८

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिकको लागि लेख, रचना उपलब्ध गराई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ।

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक को वार्षिक ग्राहक भई सहयोग गरिदिनुहुन पाठकहरूमा हार्दिक अनुरोध गर्दछ ।

साथै निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

बौद्ध दर्शन अध्ययन समाज

नगाँचा-१०, भक्तपुर, फोन नं: ०१-६६१९१०७
Email: Email: arhattraimasik@gmail.com

बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक निरन्तर प्रकाशनको हार्दिक शुभकामना व्यक्त गर्दछ ।

प्रो. भूवन गोसाईं

युथ सेलेक्सन

पाण्डुबजार, भक्तपुर
५०९२३७१, ९८४१५४३३३१

ज्ञान मत सित

झ्यालय्नं फय् वया, मत जक सित,
यो माँ झ्या: तीगु गय् ? ॥धु॥
भींच्याता लक्षणगु नर-गुण तनाच्वन ।
ध्व गुण मालेधयां, मत जक सित ॥१॥
अतिकन बाँनलागु ? ज्ञान रत्न तना च्वन ।
माला मालाँ ल्वीके मफु, मतजक सित ॥२॥
पञ्च तत्व यागु गृह, अतिकनं बानलागु ।
बाँलासां हिसिमदु, मत जक सित ॥३॥
झ्याले तयेगु चुकू दुसा झ्या: तिना केने फैगु
ज्ञान रुपी चुकू मदु, मत जक सित ॥४॥
बुद्धया दासनं, धाल न्यव साधुपिं
इन्द्रियया न्यापा: झ्यालं मन स्यंका बिल ॥५॥

भिक्षु महाप्रज्ञा

जि.प्र.का., भक्तपुर द.नं. १२५/०६२/६०

भाजु संघरत्न शाक्य
सौमा, ख्वप

अर्हत पत्रिका निरन्तर रुपं न्ह्याके फयेमा ।

जिमिगु पसलय् झाइपिं सकल ग्राहकपिंत पूरा तौलया ग्यारेन्टी नापं लिसं मदुगु भिंगु (छापा) लुँया तिसा ज्वलं मिगु बचन विया च्वना । सुभाय् ।

प्रो. विजयरत्न शाक्य

रत्नायन ज्यास पसः

फोन नं. ६६१३६७५, खमा त्वाः, ख्वप-३

प्रो. शाक्ययन शाक्य

रत्नायन ज्वेलरी

फोन नं.६६१०३५४, खमा त्वाः, ख्वप-३